## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री सुशीला कार्की, मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०६८–WS–००६५, *उत्प्रेषण परमादेश, अच्युतराज बुढाथोकीसमेत वि. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालसमेत*

नेपाल सरकार र युनाइटेड मिशन टु नेपालबीच भएको सम्झौताबमोजिम पाटन अस्पताल सञ्चालन भएकोमा सन् २००५ डिसेम्बर २५ देखि मिशन टु नेपाल अस्पताल सञ्चालन प्रक्रियाबाट अलग भएपछि पाटन अस्पताल विकास समिति गठन आदेश, २०६३ जारी भई सोअन्तर्गत पाटन अस्पताल सञ्चालन भई मिति २०६४।१०।२३ मा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ द्वारा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएपछि प्रतिष्ठान हुनुपूर्व उक्त अस्पतालमा कार्यरत् रहेका कर्मचारीको हकमा सामाजिक सुरक्षा एवं प्रत्याभूतिका लागि पहिलादेखि नै कार्यरत् रहेका कर्मचारीलाई एकपटक अवसर प्रदान गर्न ऐनको दफा ४४ ले दिएको अधिकार प्रयोग गरी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०६७ को नियम २४ को विशेष व्यवस्था गरी सो प्रयोजनको लागि योग्यताका आधारमा सम्बन्धित पदको परीक्षामा सामेल हुनको लागि एकपटक अवसर दिने कानूनी व्यवस्था गरेकोलाई गैरवैधानिक भन्न नमिल्ने ।

कुनै संस्थाको कार्य सञ्चालन कस्तो छ वा कस्तो हुनुपर्छ भनी त्यसको कानूनी लेखा परीक्षण गरी हिड्ने कुरा पनि होइन । कानूनहरूमा कतिपय नसुहाउँदा वा अव्यवहारिक कुराहरू रहे भएका हुन सक्दछन् । कतिपय कुराहरू निवेदकलाई वा अरू कसैलाई अनुपयुक्त पनि लाग्न सक्छ । त्यसो भनेर सबै विषयहरू सार्वजनिक हितको प्रश्न बनाई हरेक कानूनको न्यायिक पुनरालोकन गर्न अदालतलाई कर लगाउन नसकिने ।

सेवा आयोगको काम कर्तव्य र अधिकार तथा सदस्यको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्त बैठक सञ्चालन कार्यविधिसम्बन्धी नियमावली, २०६७ को नियम १८, पाटन अस्पताल सञ्चालन विनियमावली, २०६७ को विनियम ५ को देहाय २, ३ तथा सोही विनियमावलीको विनियम ८ को देहाय क र ख मा व्यवस्थित प्रावधानहरूसमेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र धारा १३ (१) र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा १२ (च) र दफा १३ को देहाय (१) ले गरेका प्रावधान प्रतिकूल नदेखिँदा मागबमोजिमको आदेश जारी हुने अवस्था भएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल, विष्णुप्रसाद गौतम
कम्प्युटरः विकेश गुरागाईं, रानु पौडेल
इति संवत् २०७० साल साउन १७ गते रोज ५ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट**, रिट नं. ०६८–WS–००७६, उत्प्रेषण, *अधिवक्ता उत्तम श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

नेपाल दुरसञ्चार कं. लि. लाई सार्वजनिक खरीद ऐन, २०६३ को दफा २ को खण्ड (ख) देहाय (२) अनुसार सार्वजनिक निकायको रूपमा परिभाषित गर्दा निवेदकको के कस्तो सम्पत्तिसम्बन्धी हकमा बन्देज वा संकुचन गरेको हो निवेदकले आफ्नो निवेदनमा दावी लिई पुष्टि गर्न सकेको देखिँदैन । नेपाल दुरसञ्चार कं. लि. लाई सार्वजनिक निकायका रूपमा परिभाषित गर्दैमा निवेदकको सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने तथा अन्य कारोबार गर्ने संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात वा अनुचित बन्देज लगाएको छ भन्ने अर्थ गर्न कानून र न्यायको रोहबाटसमेत मिल्ने नदेखिँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ र १९ द्वारा प्रदत्त हकलाई सार्वजनिक खरीद ऐन, २०६३ को दफा २ को खण्ड (ख) को देहाय (२) को परिभाषाले संकुचन वा अनुचित बन्देज

लगाएको अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक ७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की, र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६८-WS-००६३, उत्प्रेषण परमादेश, *सञ्जयकुमार श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निजामती सेवा नियमावली, २०५० को नियम ७७(ग) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ र १५३ तथा निजामती सेवा ऐन, २०४९ को दफा २४ सँग बाझिएको भन्ने निवेदन जिकीर भए पनि देशको निजामती प्रशासनको सञ्चालन र त्यसमा सेवारत् कर्मचारीहरूको वृत्ति विकासको लागि के कस्ता प्रावधान राखिनु आवश्यक छ र बढुवाद्वारा पदपूर्ति गर्दा के कस्तो योग्यता पुगेका व्यक्तिलाई कुन प्रक्रियाद्वारा बढुवा गर्ने भनी समान तवरबाट सबैमा लागू हुने गरी उल्लेख गरिएका प्रावधानले कुनै व्यक्ति विशेषको बढुवा नभएको कारणले कानूनको बदरको माग गर्नु संविधानसम्मत नदेखिने ।

निजामती सेवा नियमावली, २०५० को नियम ७७(ग) को कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) र १५३ एवं निजामती सेवा ऐन, २०४९ को दफा २४ र ७५ सँग बाझिएको भन्ने नदेखिएकोले मागबमोजिम निजामती सेवा नियमावली, २०५० को नियम ७७ (ग) बदर गर्नुपर्ने अवस्था नरहने ।

भौगोलिक क्षेत्रको नम्बर प्रदान नगरेको कारणले सहसचिव पदमा बढुवा नभएको भन्ने समेत उल्लेख गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) अन्तर्गतसमेत निवेदन गरी बढुवा समिति तथा लोकसेवा आयोगसमेतका निर्णयको बदर माग गरी निवेदकले आफू सहसचिव पदमा बढुवा हुनुपर्ने माग राखी निवेदन दिएको समेत देखिँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम यस इजलासले प्रस्तुत विषयमा सुनुवाइ गर्न सक्ने अवस्था देखिएन । निवेदकले निवेदनमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को हकमा समेत माग दावी लिएको देखिएकोले सो सम्बन्धमा सुनुवाइको लागि सम्बन्धित इजलासमा पेश गर्नुपर्ने देखिँदा विशेष इजलासको दायरीको लगत कट्टा गरी निवेदकले माग गरेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) को विषयमा सुनुवाइको लागि सम्बन्धित इजलासमा नियमानुसार पेश गर्नू ।

शाखा अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६८-WS-००३३, उत्प्रेषण परमादेश, *मुकेश काफ्ले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले माग गरेजस्तो रिक्त पदमा नियुक्तिको लागि अनुचित बन्देज लगाउने गरी विनियम बनेको नभई कार्यकारी निर्देशकउपर कुनै कसूरमा अभियोग लागेमा वा अन्य कारणले निलम्बनमा परेमा सो निलम्बन अवधि कायम रहेसम्म प्रशासकीय कार्यलाई नियमितता प्रदान गर्न त्यस्ता पदमा नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई खटाउन सक्ने गरी गरिएको व्यवस्थालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१), १८(१) र १९(१) सँग बाझिएको भन्न नमिल्ने ।

विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदको आफू वैकल्पिक उम्मेदवार हुँदा सो पदमा नियुक्त हुनुपर्ने भन्नेसमेत उल्लेख गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गतसमेत निवेदन गरी विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा कार्य गर्न अर्जुनकुमार कार्कीलाई नेपाल सरकारले मिति २०७०।५।१७ मा काजमा खटाएको निर्णयको बदर माग गरी

निवेदन दिएको समेत देखिँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम यस इजलासले प्रस्तुत विषयमा सुनुवाइ गर्नसक्ने अवस्था देखिएन । निवेदकले रिट निवेदनमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को हकमा समेत माग दावी लिएको देखिएकोले सो सम्बन्धमा सुनुवाइको लागि सम्बन्धित इजलासमा पेश गर्नुपर्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती, ०६८–CI–००५६,** निषेधाज्ञा, *कोकीलाल चौधरी वि. यशोदा रौनियार*

यिनै पक्ष विपक्षबीच विवादित कि.नं. १३४ को जग्गामा रहेको गोदामबाट मट्टितेलका ड्रम विपक्षीले जबर्जस्ती लुटपीट गरी लगेकोमा पुनरावेदन अदालत, विराटनगरमा लुटपीट मुद्दा हाल कारवाहीयुक्त अवस्थामा रहेको भनी निवेदक यशोदा रौनियारले आफ्नो निवेदनमा उल्लेख गरेकोमा विपक्षी कोकीलाल चौधरीले समेत आफ्नो लिखित जवाफमा कि.नं. १३४ को जग्गामा हामीहरूबीच विवाद परिरहेको हुँदा आफूहरूले तत्काल घर निर्माण गर्ने र सो जग्गा कब्जा गर्ने परिस्थिति छैन भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । यसरी यी पक्ष विपक्षबीच विवादित कि.नं. १३४ को जग्गाको सम्बन्धमा लुटपीट मुद्दा चली कारवाहीयुक्त अवस्थामा रहेको देखिएबाट पनि निवेदिकाको आशङ्कालाई अनुचित मान्न नसकिने ।

कि.नं. १३४ को ०–०–१० जग्गा यशोदा रौनियारको निर्विवाद हकभोग रहेको देखिँदा निवेदन मागबमोजिम कि.नं. १३४ को जग्गामा अनधिकृतरूपमा कुनै किसिमको कब्जा गर्ने, गराउने तथा त्यसमा घर टहरा निर्माण गर्ने गराउने कुनै पनि कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती, ०७०–CI–०२५५,** परमादेश, *हर्कबहादुर लिम्बू वि. मालपोत कार्यालय, झापासमेत*

निवेदकले मिति २०६९।२।४ गते विपक्षी मालपोत कार्यालय, झापाका प्रमुख मालपोत अधिकृतसमक्ष विवादित जग्गाको सम्बन्धमा कुराकानी गरेको भन्नेसम्मको जिकीर लिएको पाइन्छ । मालपोत कार्यालय, झापाको लिखित जवाफ हेर्दा निवेदकको निवेदन यस कार्यालयमा दर्ता भएको रेकर्डबाट नदेखिएको भन्नेसमेतको व्यहोरा उल्लेख भएको पाइन्छ । साथै विवादित कि.नं. १४९ को १६४–६–१० होली जनिएको जग्गा नेपाल सरकारको नाउँमा मिनाहा महलमा दर्ता रहेको भनी मालपोत कार्यालय, झापाको लिखित जवाफबाट देखिन्छ । उक्त व्यहोरालाई यी पुनरावेदकले खण्डन गर्न सकेको अवस्था छैन ।

उल्लिखित आधार कारणसमेतबाट विवादित कि.नं. १४९ को ३–०–० यी निवेदकले निर्विवादरूपमा आफ्नो हक स्थापित गराउन सकेको नदेखिँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस २२ गते रोज २ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती, ०७०–CI–०२५४,** परमादेश, *श्यामबहादुर लिम्बू वि. मालपोत कार्यालय, भद्रपुर झापासमेत*

निवेदकले आफ्नो निवेदनमा मालपोत कार्यालय, झापामा जग्गा दर्ताको लागि निवेदन

दिएको भनेता पनि सोको लिखित प्रमाण पेश गर्न सकेको पाईंदैन । यी निवेदकले मिति २०६९।२।४ गते विपक्षी मालपोत कर्यालय, झापाका प्रमुख मालपोत अधिकृतसमक्ष विवादित जग्गाको सम्बन्धमा कुराकानी गरेको भन्नेसम्मको जिकीर लिएको पाइन्छ । मालपोत कार्यालय, झापाको लिखित जवाफ हेर्दा निवेदकको निवेदन यस कार्यालयमा दर्ता भएको रेकर्डबाट नदेखिएको भन्नेसमेतको व्यहोरा उल्लेख भएको पाइन्छ । विवादित कि.नं. १४९ को १६४–६–१० होली जनिएको जग्गा नेपाल सरकारको नाउँमा मिनाहा महलमा दर्ता रहेको भनी मालपोत कार्यालय, झापाको लिखित जवाफबाट देखिन्छ । उक्त व्यहोरालाई पुनरावेदकले खण्डन गर्न सकेको अवस्था विद्यमान नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस २२ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६८–CI–०३८६, परमादेश, *रत्नमाया पोमु लिम्बू वि. मालपोत कार्यालय, भद्रपुर झापासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, ०६७–CI–०२६५, निषेधाज्ञा, *शंकर खानेपानी उपभोक्ता तथा सरसफाइ समितिसमेत वि. युवराज न्यौपानेसमेत, युवराज न्यौपानेसमेत वि. शंकरनगर खानेपानी कार्यालयसमेत*

निषेधाज्ञाको निवेदन निर्विवाद हकभोग भएको सम्पत्तिमा अन्य कसैबाट हस्तक्षेपको आशङ्का विद्यमान रहेको अवस्थामा उपचारको लागि दिइने निवेदन हो । प्रस्तुत विवादमा निवेदन दावीको जग्गाउपर रूपन्देही जिल्ला अदालतमा खिचोला मुद्दा नै परिसकेको अवस्था हुँदा यी निवेदकहरूको निर्विवाद हक रहेको भन्न मिल्ने अवस्था देखिँदैन । यसरी यिनै पक्ष विपक्षबीच रूपन्देही जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको खिचोला मुद्दाबाटै हक बेहकमा समेत निर्णय हुने नै हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, ०६६–CI–०४०६, सवारी ज्यान, *नेपाल सरकार वि. राजकुमार बजगाईंसमेत*

प्रतिवादी राजकुमार बजगाईंले चलाएको माइक्रोबस अगाडि सडकमा गुडिरहेको बसले कुनै सङ्केत नदिई अपरझट ब्रेक लगाई रोकिएको र आफूले गाडी ब्रेक लगाउँदा सो गाडीमा ठोक्किन गई ठूलो दुर्घटना हुनबाट बचाउने उद्देश्यले चालकले सोची सम्झी आफ्नो गाडी दायाँ साइडबाट अगाडि बढाएको स्थितिमा विपरीत दिशाबाट तीव्र गतिमा आइरहेको ट्रकसँग ठोकिई दुर्घटना भएको अवस्था देखिँदा यी प्रतिवादीले जानीजानी लापरवाहीपूर्वक सवारी चलाएको अवस्था नदेखिने ।

माइक्रोबसमा यात्रा गरी आएका हरिप्रसाद पाठकसमेतका व्यक्तिहरूले समेत चालकको गल्ती नभै रोकिराखेको गाडीलाई कटाई अगाडि बढाउँदा पश्चिमबाट आएको ट्रकमा ठक्कर लाग्न गई चालकको काबुबाहिरको परिस्थितिबाट दुर्घटना भएको भनी लेखाई दिएबाट समेत यी प्रतिवादीले लापरवाहीपूर्वक गाडी चलाई दुर्घटना भएको तथ्य स्थापित हुन नआउने ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ अनुसार सवारी दुर्घटनाबाट कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएका पीडित पक्ष अर्थात् मृतकका हकवालालाई किरिया खर्च एवं क्षतिपूर्तिबापतको रकम प्रमुख जिल्ला अधिकारीले सवारी चालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यस्तो स्थितिमा को १ ज १११७ नं. को गाडीधनी प्रतिवादी मदन कर्माचार्य भन्ने केशवकृष्ण श्रेष्ठबाट

मृतक दिनेश राईका हकवालालाई किरिया खर्च एवं क्षतिपूर्तिबापतको रकम यस अदालतले भराई दिन नमिल्ने ।

प्रतिवादी राजकुमार बजगाईंलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम एक वर्ष कैद र रू. २०००।– जरीवाना गर्ने गरी शुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई २६ दिन कैद र रू. २०००।– जरीवाना एवं गाडीधनी प्रतिवादी मदन कर्माचार्य भन्ने केशवकृष्ण श्रेष्ठबाट मृतक दिनेश राईका हकवालालाई किरिया खर्च र क्षतिपूर्तिबापतको रकम भराईपाऊँ भन्ने अभियोग दावी खारेज हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस २२ गते रोज २ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती, २०६८–CI–०८८६, निषेधाज्ञा, सहदेव साह वि. नागेश्वर साह सुडीसमेत**

निवेदक र विपक्षीमध्येका नागेश्वरप्रसाद साहका बीच जग्गाको साँध सीमानामा विवाद रहेको भन्ने सम्बन्धमा दुबै पक्षको मुख मिलेको देखिन्छ। जग्गाको साँध सीमानासम्बन्धमा यी निवेदक र प्रत्यर्थी नागेश्वरप्रसाद साह सुडीबीच विवाद उत्पन्न भई विवाद समाधानको लागि नापी कार्यालयमा निवेदन परी नापी कार्यालयले जग्गाको नापजाँच गरी प्राविधिकहरूबाट कार्यालयसमक्ष प्रतिवेदनसमेत पेश गरेको भन्ने प्रत्यर्थीको लिखित जवाफ व्यहोरा रहेको पाइन्छ । यसरी निवेदकले दावी लिएको जग्गाका सम्बन्धमा तेरो मेरोको स्थिति उत्पन्न भएको छ । विवादित जग्गाको सम्बन्धमा मुद्दाका पक्षहरूबीच हकबेहकको प्रश्न उठेको देखिएको अवस्थामा निषेधाज्ञाको निवेदनबाट निराकरण हुन सक्ने देखिँदैन । साथै पुनरावेदकले आफूलाई विपक्षीहरूबाट पक्रने, थुन्ने आशङ्का रहेको भनी दावी लिएकोमा सो कुरा पुष्टि हुन सकेको नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल पुस २२ गते रोज २ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती, ०६७–CI–११६०, निषेधाज्ञामिश्रित परमादेश, जीतबहादुर तामाङ वि. डिकुरे शान्तिपार्क संरक्षण तथा सम्बर्द्धन समिति, घोर्लिखर्कसमेत**

निवेदकले विवाद उठाएको बुद्ध माने स्तूपा पुनः निर्माण एवं शान्तिवाटिका निर्माण गर्ने सम्बन्धमा नेपाल तामाङ घेदुङ संघ घोर्लिखर्क गाउँ इकाई अध्यक्ष र विपक्षी डिकुरे डाँडा शान्तिपार्क संरक्षण तथा सम्बर्द्धन समिति एवं निर्माण समितिका अध्यक्षबीच मिति २०६७।१।२८ मा सम्झौता भएको देखिन्छ । उक्त सहमतिपत्रमा बुद्ध माने स्तूपा र शान्तिपार्कसमेतको निर्माण गर्ने, रकम नपुग भएमा त्यसमा दुबैले पहल गर्ने, बाँकी रहेमा आधाआधा बाँड्ने र भविष्यमा गर्नुपर्ने कामको सम्बन्धमा छलफलसमेत गर्ने भन्ने उल्लेख छ । विवादित बौद्ध स्तुपा जीर्ण भएकोले सबैको सहमतिमा उत्खनन् गरी त्यहाँबाट प्राप्त वस्तुहरू तामाङ समुदायकै श्री सिंगमान तामाङले जिम्मा लिएको भन्ने मिति २०६५।६।५ को सर्जमिनबाट देखिन्छ । निवेदकले आफ्नो निवेदनमा आफूलाई जानकारी नै नदिई विपक्षीहरूबीच मिति २०६७।१।१० मा भएको सम्झौता कार्यान्वयन गर्नबाट रोकी पाऊँ भन्ने निवेदन जिकीर भएकोमा निवेदकले उल्लेख गरेको मिति २०६७।१।१० को सम्झौता अस्तित्वमा रहेको देखिँदैन । यी निवेदक र विपक्षीबीच २०६७।१।२८ मा भएको सम्झौताअनुसार नै कार्य भई मिसिल संलग्न फोटोहरू अनुसार निर्माण कार्य दुईतला सम्पन्न भइसकेको देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिलेन । नेपाल तामाङ घेदुङ संघ गाउँ इकाई अध्यक्ष र डिकुरे डाँडा शान्तिपार्क संरक्षण तथा सम्बर्द्धन

समितिका अध्यक्ष एवं निर्माण अध्यक्ष एवं निर्माण समितिका अध्यक्षबीच भएको २०६७।१।२८ को सम्झौताविपरीतको निर्माण कार्य नगर्नु भन्ने हदसम्म विपक्षीहरूका नाममा निषेधाज्ञामिश्रित परमादेशको आदेश जारी हुने ठहरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६७।९।२६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८-CI-१२२५, निषेधाज्ञा, *उमेशकुमार कोइराला वि. महानगरीय प्रहरी प्रभाग, लुभु, ललितपुरसमेत*

निवेदक र विपक्षीमध्येका यज्ञप्रसाद पन्तका बीच लेनदेनको विषयमा विवाद रहेको भन्ने विपक्षी यज्ञप्रसाद पन्तको लिखित जवाफबाट देखिन्छ । यिनै निवेदक र विपक्षीबीच मिति २०६८।७।१३ मा भएको लिखतका सम्बन्धमा ललितपुर जिल्ला अदालतमा करकाप मुद्दा दायर भई विचाराधीन अवस्थामा रहेको भनी स्वयं निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेको देखिँदा विवादित लिखतका सम्बन्धमा सोही मुद्दाबाट निरोपण हुने नै हुँदा ललितपुर जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको उक्त करकाप मुद्दालाई असर पर्ने गरी प्रस्तुत मुद्दाको रोहबाट बोल्न मिल्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६८।९।६ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस २२ गते रोज २ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८-CI-१२९२, परमादेश, *मालपोत कार्यालय, मोरङ वि. हरिप्रसाद सिवाकोटी*

संवत् २०२४ सालको सर्भे नापीमा विवादित कि.नं. ४१ र ४२ को सम्पूर्ण जग्गा नेपाल सरकारको नाउँमा दर्ता भै सार्वजनिक बाटो जनिएको अवस्थामा सुकुम्बासी समस्या समाधान आयोगले यी प्रत्यर्थी हरिप्रसाद सिवाकोटीलाई वितरण गरेको देखिँदा सार्वजनिक बाटो जनिएको सरकारी जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी निश्चित अवधि पुगेपछि अन्य व्यक्तिलाई बेचबिखन तथा हक हस्तान्तरण गर्न पाउने शर्तमा सुकुम्बासी समस्या समाधान आयोगबाट प्रत्यर्थी हरिप्रसाद सिवाकोटीलाई वितरण गरेको कार्य कानूनअनुरूपको देखिन नआउने ।

२०२४ सालको सर्भे नापीमा कि.नं. ४१ र ४२ को सम्पूर्ण जग्गा नेपाल सरकारको नाउँमा दर्ता भई सार्वजनिक बाटो जनिएको देखिएको अवस्थामा निवेदन मागबमोजिम उल्लिखित जग्गा बिक्री वितरण, हक हस्तान्तरण गर्न दिनु भनी विपक्षी मालपोत कार्यालय, मोरङको नाउँमा परमादेशको आदेश जारी हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट भएको मिति २०६७।७।२९ को आदेश मिलेको नदेखिँदा उल्टी भई उक्त कित्ता नं. ४१ र ४२ को जग्गा साविक सर्भे नापीमा उल्लेख भएबमोजिम नै सार्वजनिक बाटो कायम हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल पुस २२ गते रोज २ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, ०६९-CI-०४३६, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. साई भेनियर उद्योग प्रा.लि.*

प्रस्तुत विवादको तथ्यसँग समान तथ्य रहेको निवेदक जगदम्बा भेनियर इण्डष्ट्रिजका प्रो. सुभाषकुमार मुरारका विरूद्ध वन तथा भू संरक्षण मन्त्रालयसमेत भएको सर्वोच्च अदालतको रिट नं. ०६४-WO-०७३८, को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा सर्वोच्च अदालतबाट निर्देशिका जारी गरी रकम उठाउन संविधान र

प्रचलित कानूनले अधिकार प्रदान नगरेको हुँदा निवेदकसमेतबाट विपक्षी जिल्ला वन कार्यालय, इलामसमेतले वन विकास कोषबापत भनी थप कर रकम असूल गर्ने कार्य उत्प्रेषणको आदेशबाट बदर हुने र रकम बुझिलिने कार्य गैरकानूनी हुँदा उठाएको रकमसमेत निवेदकलाई फिर्ता दिनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने भनी मिति २०६५।१२।९ मा फैसला भएको समेत देखिन्छ । वन विकास कोषको लागि भनी थप कर लिन पाउने कानूनी व्यवस्थाको अभाव रहेको र सर्वोच्च अदालतबाट वन विकास कोषबापत कर लिन नपाउने भनी फैसला भइसकेको अवस्थामा विपक्षीहरूले निवेदकबाट कर असूली गरेको कार्य कानूनप्रतिकूल देखिने ।

कुनै वस्तुमा थप कर असूल गर्ने भन्ने विषय सार्वजनिक नीतिसम्बन्धी विषय रहने र त्यस्तो विषयमा भएको निर्णय कुनै एक व्यक्ति वा पक्षका हकमा मात्र लागू हुने नभई सबैको हकमा समानरूपमा लागू हुने हुन्छ । अदालतको फैसला आदेशको पालना गर्नु सबैको समान दायित्व हुन्छ । त्यसमा पनि सरकारी निकायबाटै अदालतको आदेशलाई बङ्ग्याई एकै समान वस्तुमा थप कर रकम नलिनु भनी अदालतबाट भएको आदेश कसैलाई लागू गर्ने र कसैलाई लागू नगर्ने कार्य असमान भई कानूनको शासन (Rule of Law) को प्रतिकूल हुने ।

निवेदन दावीअनुसार वन विकास कोषबापतको रकम नउठाउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने र निवेदकबाट विपक्षीहरूले उठाएको दावीको रसिदबमोजिमको रकम निवेदकलाई फिर्ता दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९–CI–०४३७, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. अम्बेभवानी प्लाइबोर्ड उद्योग प्रा.लि.*
- ०६९–CI–०४३८, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. बिहारोजी भेनियर उद्योग प्रा.लि.*
- ०६९–CI–०४३९, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. गजुरमुखी भेनियर उद्योग प्रा.लि.*
- ०६९–CI–०४४०, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. मनकामना प्लाई इण्डष्ट्रिज*
- ०६९–CI–०४४१, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. गायत्री भेनियर उद्योग प्रा.लि.*
- ०६९–CI–०४४२, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. अम्बे भेनियर उद्योग*
- ०६९–CI–०४४३, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. अन्नपूर्ण प्लाईउड इण्डष्ट्रिज*
- ०६९–CI–०४४४, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. पूजा प्लाइउड इण्डष्ट्रिज प्रा.लि.*
- ०६९–CI–०४४५, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. बालाजी भेनियर उद्योग*
- ०६९–CI–०४४६, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. श्याम भेनियर उद्योग प्रा.लि.*
- ०६९–CI–०४४७, परमादेश, निषेधाज्ञा, *जिल्ला वन कार्यालय, पाँचथर वि. साकाम्बरी भेनियर उद्योग*

## ११

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६७–WO–१२१५, *उत्प्रेषणयुक्त परमादेश, गोपाल अग्रवाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

वैकल्पिक उपचारको बाटो नभएको वा प्रभावकारी कानूनी उपचारको बाटो नभएको अवस्थामा मात्र रिट क्षेत्रमा प्रवेश गर्न सकिने हो । पुनरावेदन गर्ने वैकल्पिक मार्ग हुँदाहुँदै सो सहज कानूनी माध्यम अवलम्बन नगरेको

अवस्थामा असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने हुँदा निवेदकले मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था नभएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल असार १२ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०६८–CI–०८१९, उत्प्रेषणयुक्त परमादेश, *विद्यादेवी कलवारीन वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०६७–WO–०८४०, उत्प्रेषणयुक्त परमादेश, *तीर्थकुमारी बज्राचार्य (गुभाजु) वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत*

२०४९ सालमा बिर्ता उन्मूलन ऐन, २०१६ मा दफा ७क तथा १२ क थप गरी "ख" श्रेणीको बिर्ता जग्गा कमाउने व्यक्तिले जग्गा दर्ता गराउन पाउने व्यवस्था भएबमोजिम मोही कृष्णबहादुर खड्गीका नाममा जग्गा दर्ता गर्ने क्रममा बिर्तावाल छत्रधन गुभाजुको नाममा ७ दिने म्याद तथा गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कसैको दावी विरोध नपरेबाट मिति २०६७।४।३० को निर्णयानुसार मोही कृष्णबहादुर खड्गीको नाममा रै.प. दर्ता भएको देखिन्छ ।

कि.नं. २८३ को जग्गाको रै.प. दर्ताको लागि दावी विरोधमा मिति २०६७।३।१६ मा गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गर्दासमेत यी निवेदकले आफ्नो दावी लिई सम्बन्धित मालपोत कार्यालयमा प्रस्तुत हुन सकेको अवस्था छैन । यसरी सार्वजनिक सूचनामार्फत् आफ्नो कुरा राख्न पाउने सुविधा प्रदान गरेको देखिँदा सुनुवाइबाट बञ्चित गरिएको भन्न नमिल्ने ।

बिर्ता उन्मूलन ऐन, २०१६ को संशोधनसहित २०४९ को दफा १२क मा व्यवस्थित म्यादभित्र बिर्तावालले विवादित जग्गा रैकर परिणत गरी दर्ता नगरेको हुँदा सोही ऐनको दफा ७क बमोजिम मोहीले दर्ता माग गरी कानूनबमोजिमको प्रक्रिया पूरा गरी मोही कृष्णबहादुर खड्गीका नाममा रैकर परिणत गरी छूट जग्गा दर्ता गर्ने गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०६७।४।३० मा भएको निर्णयमा कुनै कानूनी त्रुटि रहेको नदेखिँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल असार १२ गते रोज ४ शुभम् ।

१३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६६–WO–०४०६, रकम क्षतिपूर्ति भराईपाऊँ, सहदेव बानिया वि. अम्बीरबाबु गुरूङ

मिति २०६०।४।२९ को करदाताको शर्तमा वादी र प्रतिवादी दुबै पक्ष मिली प्रतिवादी अम्बीरबाबु गुरूङको नाउँमा रहेको रोयल किचन रेष्टुरेण्ट साझेदारीमा सञ्चालन गर्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । प्रतिवादीको नाउँमा दर्ता रहेको रेष्टुरेण्टको मूल्याङ्कन रू. २४,००,०००।– राखी सोको आधा रू. १२,००,०००।– प्रतिवादीले वादीबाट बुझी लिई मिति २०६०।४।२९ को करारनामाबमोजिम रोयल किचेन रेष्टुरेण्ट एण्ड बार दुईजनाको साझेदारीमा सञ्चालन भएको अवस्थामा स्रेस्तामा वादीको नाम समावेश नगरेकै कारणबाट मिति २०६०।४।२९ को करारनामाबमोजिमको शर्त प्रतिवादीले पूरा नगरी दिएको भन्न मिल्ने अवस्था देखिन नआउने ।

वादी प्रतिवादीबीच मिति २०६०।४।२९ को करारनामाको शर्तबमोजिम रोयल किचेन रेष्टुरेण्टको आधा हिस्सा यी वादी सहदेव बानियासँग कायम रहेको र करारका पक्षहरूको आपसी सहमतिमा करारका शर्तहरू हेरफेर गर्नसक्ने

व्यहोरा करारनामाको लिखतमा नै उल्लेख भएको देखिएको अवस्थामा वादीले प्रतिवादीलाई दिएको रू. १२,००,०००।– र सोको १० प्रतिशत क्षतिपूर्तिस्वरूप भराईपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६५।४।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल पुस २१ गते रोज १ शुभम् ।

इजलास नं. १

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट**, ०६५-CR-०२८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरेन गुरूङसमेत*

घनटाउके भन्ने कुलबहादुर गुरूङउपरको किटानी जाहेरी दरखास्त र सो पुष्टि हुने गरी जाहेरवालाले अदालतमा गरी दिएको बकपत्र, वारदात भएको देख्ने प्रत्यक्षदर्शी मृतकका छोरा सुजितकुमार जोशी र पत्नी शोभा जोशीले प्रतिवादी निज घनटाउके भन्ने कुलबहादुर गुरूङकै नेतृत्व र आदेशमा अन्य प्रतिवादीहरू समेत भई प्रहार गरेको चोटबाट मृतक प्रेमकुमार जोशीको मृत्यु भएको भन्ने व्यहोरा उल्लेख गरी प्रहरीमा कागज गरेकोमा सो व्यहोरा सही भएको भनी अदालतमा बकपत्र गरी दिएको, मौकामा वारदात देखेको भनी कागज गर्ने सुजन लामा र लालकुमार जोशीले अदालतमा गरेको बकपत्र, लास जाँच प्रतिवेदन तथा सहअभियुक्त दिनेश अधिकारी र प्रदिपकुमार श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको पोल बयानसमेतका मिसिल संलग्न प्रमाण कागजबाट यी प्रतिवादी घनटाउके भन्ने कुलबहादुर गुरूङले आफ्नो छोरा सुरेन गुरूङसँग रहेको मृतकका छोरा सुजन जोशीको शत्रुताको कारण रिसइवी लिई मनसाय र पूर्ण तयारीकासाथ हातमा हतियारसमेत लिई वारदातस्थलमा गई मृतक प्रेमकुमार जोशीलाई प्रहार गरी घाइते बनाई सोही चोट पीडाका कारण निजको मृत्यु भएको भन्ने पुष्टि हुन आएकोले निज घनटाउके भन्ने कुलबहादुर गुरूङको हकमा निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसूर गरेको ठहर्‍याई निजलाई सोही ऐनबमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादीहरू सुरेन गुरूङ, खेमराज घले, सन्तोष गुरूङ र प्रदिपकुमार श्रेष्ठसमेत जना चारका हकमा विचार गर्दा निजहरूले कसूर गरेकोमा अदालतमा इन्कार रही बयान गरेको देखिएता पनि निजहरूसमेत वारदातमा संलग्न रहेको भनी निजहरूउपर किटानी जाहेरी परेको देखिएको आफूलाई सजाय हुने गरी भएको पुनरावेदन अदालत, पोखराको फैसलाउपर पुनरावेदन नगरेका प्रतिवादी दिनेश अधिकारी र यी पुनरावेदक प्रतिवादी प्रदिपकुमार श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतकलाई आफूहरूले प्रहार नगरेको भनी बयान गरेता पनि वारदातको समयमा वारदातस्थलमा अन्य प्रतिवादीहरूको सँगसाथमा गएको भन्ने कुरालाई स्वीकार गरी सो वारदातमा अन्य प्रतिवादीहरू शिवराज गुरूङ, सुरेन गुरूङ, खेमराज घले र सन्तोष गुरूङ संलग्न भएको भनी पोल बयान गरेको देखिनुका साथै यी पुनरावेदकहरू समेत वारदात मितिमा वारदातस्थलमा अन्य प्रतिवादीहरूका साथै रहेको देखेको भनी मौकामा कागज गर्ने मृतकका छोरा सुजितकुमार जोशी, पत्नी शोभा जोशी, सुजन लामा र लालकुमार जोशीले अदालतमा गरिदिएको बकपत्रसमेतका आधार र प्रमाणबाट यी पुनरावेदक प्रतिवादी सुरेन गुरूङ, खेमराज घले, सन्तोष गुरूङ र प्रदिपकुमार श्रेष्ठले मृतकलाई प्रत्यक्ष प्रहार गरेको भन्ने नदेखिए पनि मृतकलाई मार्ने मतसल्लाहमा पसेको र वारदातस्थलमा मौजूद रही वारदातलाई हेरी बसेको भन्ने देखिएकोले निज पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ६/६ महिना कैद हुने।

प्रतिवादीहरू खेम गुरूङ, सानु भन्ने दलबहादुर गुरूङ, उमेश गुरूङ, रितु भन्ने सफल गुरूङ, मिनबहादुर गुरूङ, कृष्ण गुरूङ, लक्ष्मण

गुरुङ र आन्द्रे भन्ने हेमकुमार गुरूङका हकमा विचार गर्दा निजहरूउपरको अभियोग दावीमा यी प्रतिवादीहरू अदालतमा इन्कार रही बयान गरेका छन् । निज प्रतिवादीहरूको नाम जाहेरी दरखास्तमा उल्लेख रहेको भएता पनि अन्य सहअभियुक्तहरूले यी प्रतिवादीहरूले यो यस्तो कार्य गरी कसूर गरे भनी पोल गरेको पनि नपाईएको र यी व्यक्तिहरूले के कुन हतियार के कसरी मृतकउपर प्रयोग गरे भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट देखिन आएको छैन । यी प्रतिवादीहरूले मृतक प्रेमकुमार जोशीलाई मिति २०६१।७।७ मा कुटपीट गर्ने कार्यमा संलग्न भई यो हतियार यसरी प्रयोग गरेका थिए भनी यी प्रतिवादीहरूउपर स्पष्ट अभियोग दावीसमेत वादी पक्षले लगाउन सकेको मिसिलबाट नदेखिएकोले जाहेरी व्यहोरालाई अन्य प्रमाणले पुष्टि नगरेसम्म केवल शङ्काको भरमा कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०७० जेठ २७ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती, ०७०-WO-०३२६, उत्प्रेषणसमेत, *विकास लकाई खड्कासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत जसरी बोल्ने अधिकार (Right to Speak) हुन्छ चूप लाग्न पाउने अधिकार (Right to Silence) पनि त्यसैमा निहीत हुन्छ । ठीक त्यसै प्रकारले मत दिन पाउने अधिकार (Right to Vote) अन्तर्गत मत नदिने उम्मेद्वारलाई आफ्नो मत दिन्न भन्ने अधिकार (Right not to Vote) पनि पर्दैन भन्न मिल्दैन ।

उम्मेद्वारहरूप्रतिको असन्तुष्टिका कारण मतदान गर्न जान मन नलाग्ने अवस्था नै सिर्जना हुन नदिन एउटा उत्तम विकल्प मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने व्यवस्था हुनसक्ने ।

मतदान गर्न नगएको विषयका सम्बन्धमा नागरिकको गोपनीयताको अधिकार (Right to Secrecy) को रक्षार्थ उम्मेद्वारलाई मन नपराएको कारण मतदान गर्न नजाने अवस्था नै सिर्जना हुन नदिनका लागि पनि मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने व्यवस्था गर्नु आवश्यक हुने ।

मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने स्थानमा परेका मतको मान्यता (Validity) कस्तो हुने, 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने ठाउँमा परेको मत संख्याभन्दा उम्मेद्वारले प्राप्त गरेको मतसंख्या कम भएमा त्यसको कस्तो परिणाम हुने, उम्मेद्वारले प्राप्त गरेको मतभन्दा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने स्थानमा दिइएको मत कम भएको खण्डमा त्यस्तो कम मत दिने मतदाताको राजनीतिक इच्छालाई के कुन प्रकारले सम्बोधन गर्ने आदि विविध प्रश्नहरूमा प्रचलित निर्वाचनसम्बन्धी कानूनको ध्यानाकर्षण नै नभएका विषय देखिएकाले त्यसलाई लक्ष्य गरी नीतिगत विषयमा कानूनद्वारा व्यवस्था नभएसम्म निर्वाचन आयोग आफैंले मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्वारलाई मत दिन्न' भन्ने व्यवस्था गर्न मिल्ने नमिल्ने ।

अब हुने संसदीय वा स्थानीय स्वायत्त शासन ऐनअन्तर्गतका निकायहरूसम्बन्धी निर्वाचनहरूमा कायम भएका उम्मेद्वारमध्ये कसैप्रति पनि समर्थन छैन (None of the above) भनी मत जाहेर गर्ने कुरालाई पनि स्थान दिई निर्वाचन प्रक्रियामा व्यवस्था गरी सोअनुरुप मतपत्र ढाँचामा समेत समावेश गरी निर्वाचन सञ्चालन गर्ने प्रयोजनका लागि कानूनी एवं उपयुक्त कुराको व्यवस्था गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, निर्वाचन आयोगलगायत विपक्षीहरूको

नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।
इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७० साल पुस २१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय**, ०६९-WO-०२५८, परमादेश, *माईती नेपालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

अपराधबाट पीडित हुनपुगेका व्यक्ति वा निजका आश्रितलाई भराउने क्षतिपूर्तिलगायतका राहत कार्यक्रमलाई प्रभावकारीरूपमा दिलाउनको लागि कसूरदारलाई छिटो छरितोरूपमा कानूनको कठघरामा उभ्याई उचित दण्ड दिन र पीडितलाई न्यायस्वरूप कानूनबमोजिमको क्षतिपूर्तिलगायतको राहत उचित र मनासिब समयभित्रै उपलब्ध गराउनको लागि हाल प्रचलनमा रहेको परम्परागत फौजदारी न्याय प्रशासनको कार्यशैलीमा परिवर्तन गर्नैपर्ने हुन्छ । यस्तो किसिमको परिवर्तन भनेको फौजदारी मुद्दाहरूको सुनुवाइको प्रक्रिया लगातार रूपमा गरेर शीघ्र न्यायिक बिन्दुमा पुग्नु नै हो । यही अहम् सवाललाई सम्बोधन गर्न जिल्ला अदालत नियमावली, २०५२ मा संशोधन गरी कानूनी व्यवस्था गरिएबाट यसको प्रयोग अनिवार्यरूपमा नै गर्नुपर्ने हुँदा यसलाई ऐच्छिक हो भनेर भन्न नमिल्ने ।

लगातार कारवाही र सुनुवाइको लागि नियमावलीको व्यवस्था स्वतः कार्यान्वयनमा आउन सक्दैन । यसको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला पक्षका साथै हरेक निकाय एवं पदाधिकारीहरूको सहयोग र समन्वय निरन्तररूपमा नै भइरहन आवश्यक हुने ।

जिल्ला अदालतहरूमा लगातार कारवाही र सुनुवाइको लागि तोकिएका मुद्दाहरू बाहेकका अन्य गम्भीरखालका फौजदारी मुद्दाहरू पनि सँगसँगै दायर रहेका हुन सक्छन् । दुबैखालका मुद्दाहरूको सुनुवाइ प्रक्रियालाई एकैसाथ अघि बढाउँदा एकखालको मुद्दालाई लगातार कारवाईको चरणमा लानुपर्दाको कारणले लगातार सुनुवाइ नहुने अन्य मुद्दाहरू प्रभावित नहुन् भन्नाको लागिसमेत सोसम्बन्धी व्यवस्थापन गर्नुपर्ने ।

जिल्ला अदालत नियमावली, २०५२ को आठौं संशोधनबाट थप भएको नियम २३ग बमोजिमको मुद्दामा लगातार कारवाही र सुनुवाइ गरिने भनी ऐ. नियमावलीको अनुसूची-४ख मा तोकिएका मुद्दाहरूको हकमा लगातार सुनुवाइ गर्ने कानूनी व्यवस्थाको प्रयोगलाई ऐच्छिकरूपमा नभई अनिवार्यरूपमा कार्यान्वयन गर्न गराउन जो चाहिने निर्देशिका निर्माण गर्ने, जनशक्तिलाई प्रशिक्षित गर्न पर्ने भए सो गर्नसमेतको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने, लगातार सुनुवाइ गरिने मुद्दाहरूको सुनुवाइ प्रक्रियालाई पूर्वानुमानमा आधारित तुल्याई सुनिश्चित गर्न मुद्दा व्यवस्थापनको क्षेत्रमा गर्नुपर्ने सुधारसमेत गर्नका लागि आवश्यक पर्ने बजेट विनियोजनको लागि सरकारसँग माग गर्नुपर्ने भए सो गर्ने गराउने र मुद्दाको सुनुवाइ तालिका निर्माण गर्ने गराउने, लगातार सुनुवाइको व्यवस्थालाई सूचारू गरी न्यायलाई सुनिश्चित गर्न मुद्दाका सरोकारवाला पक्ष, सरकारी वकील, प्रतिवादीका कानून व्यवसायीसमेतसँग निरन्तररूपमा आवश्यक छलफल, सहयोग र समन्वय गरी मुद्दाको कारवाहीलाई सहजीकरण गर्न सम्बन्धित अदालतभित्रै एक छुट्टै संयन्त्र गठन गरी शीघ्रातिशीघ्र जो चाहिने आवश्यकीय व्यवस्था मिलाउनु भनी सर्वोच्च अदालतका रजिष्ट्रारको नाममा परमादेश जारी हुने ।
इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर गर्नेः बेदना अधिकारी
इति संवत् २०७० साल साउन १६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६८-CI-०२५०, मोही नामसारी, *हरिनारायण यादव वि. पद्मलतादेवी पौडेल*

मोहीहक प्राप्त गरेको दर्तावाला मोहीले विवादित जग्गा मोहीको हैसियतले जोतकमोद गरी कुतवालीसमेत बुझाउँदै आएको अवस्थामा दर्तावाला मोहीको मृत्युपछि निजको पत्नीले पतिको नाममा मोही दर्ता भएको जग्गा कमाउँदै

आई कुतबालीसमेत बुझाउँदै गरेको अवस्थामा मोही नामसारी हुन नसक्ने भने देखिँदैन । दर्तावाला मोहीको मृत्यु भएपनि मोही लगतको दर्ता स्वतः बदर हुन सक्ने वा साविक दर्तावाला मोहीको हकमा कुनै असर पर्न सक्ने देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी भन्ने कानूनी व्यवस्थासमेत रहेको यस अवस्थामा वैध मोहीको हैसियतलाई चुनौती दिन सक्ने अवस्था नदेखिने ।

कानूनबमोजिम प्राप्त विवादित जग्गाको मोही हक यथावत रहेको अवस्थामा दर्तावाला मोहीको मृत्यु भएपनि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही हक निजको पत्नी वा छोराहरूले कानूनतः प्राप्त गर्न सक्ने देखिएको र मृतक मोहीको पत्नीले जोतकमोद गरी कुतबाली समेत बुझाउँदै आएको अवस्थामा भूमि सुधार कार्यालयबाट मोही लगत कट्टा हुने ठहराई गरेको फैसला उल्टी गरी वादी दावीबमोजिम पद्मलतादेवी पौडेलको नाममा मोही नामसारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल जेठ ३१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६८–CI–०२५१, मोही लगत कट्टा, हरिनारायण यादव वि. पद्मलतादेवी पौडेल

विवादित जग्गामा हालका जग्गाधनी यी पुनरावेदकले खरीद गर्नुअगावै अर्थात् साविक जग्गाका जग्गाधनी गम्भीरजंगकै पालादेखि पद्मलतादेवीका पति विश्वनाथ उपाध्याय दर्तावाला मोही रहेकोमा विवाद छैन । जुन कुरा यी पुनरावेदक वादी स्वयंले आफ्नो वादी दावीमा स्वीकार गरी उल्लेख गरेको देखिन्छ । दर्तावाला मोहीको हक यथावत् कायम रहेको यस्तो कानूनबमोजिम प्राप्त मोहीको हक कानूनबमोजिमको प्रक्रिया पूरा गरेरमात्र हटाउन सकिन्छ अन्यथा त्यस्तो मोहीको हक समाप्त भएको भन्न नमिल्ने ।

दर्तावाला मोहीको मृत्यु भएमा जग्गाका जग्गाधनीलाई बाली बुझाई जोतकमोद गर्ने हक मृतक मोहीका परिवारमा सर्ने हुँदा मोही हकको समाप्ति हुन सक्दैन । दर्तावाला मोहीका परिवारले त्यस्तो सम्पत्ति आफ्नो नाममा गराई लिन सक्ने ।

जोतकमोद गरी रहेको अवस्थामा नामसारी नगराएकै कारणले मात्र कानूनबमोजिम प्राप्त मोहीको मोहियानी हक समाप्त हुन नसक्ने भई हकवालामा सर्न सक्ने नै देखिन्छ । नामसारी नभएको कारणले मात्र मोहियानी हक समाप्त भएको मान्न पनि नसकिने ।

साविकका जग्गाधनीकै पालादेखि कायम रहेको मोहीको कानूनबमोजिम मोही लगत कट्टा नभएको र साविक जग्गाधनीले आफ्नो पालामा मोहीले जग्गा जोत्न छाडेको भन्न नसकिरहेको अवस्थामा जग्गाधनीले आफूले खरीद गरी लिएपछि साविक जग्गाधनीकै पालामा विवादित जग्गा जोतकमोद गर्न छोडेको भन्ने भनाई तर्कसङ्गत् र न्यायसङ्गत् देखिन्न। वादीले दावी गरेको जग्गा खरीद गरेको मितिदेखि मोहीले उक्त जग्गा जोत्न छाडेको भनी मानेको खण्डमासमेत भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को खण्ड (ग) को हदम्यादभित्र दावी गर्न सकेको प्रस्तुत मुद्दाबाट नदेखिंदा कानूनबमोजिम प्राप्त मोहीयानी हकको लगत कट्टा हुन सक्ने नदेखिने ।

हालका जग्गाधनीले आफूले विवादित मोही जग्गाको मोही लगत कट्टा गरी खरीद गरी लिएको नदेखिएको मोहीहकसहित खरीद गरी लिएपछि खरीद गरी लिएको मितिदेखि मोहीले जग्गा जोत्न छोडको भनी तत् समयमा नै दावी गर्न नसकेको र निजले खरीद गर्दाके अवस्थामा मोहीले जग्गा जोत्न छोडेको मानेको अवस्थामा समेत भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को खण्ड (ग) बमोजिम हदम्यादभित्र दावी गर्नुपर्नेमा सो हदम्यादभित्रको दावीसमेत

नदेखिएको अवस्थामा वादी दावी खारेज गर्ने ठहराएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१०।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल जेठ ३१ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६७-CI-०७३५, मोहीयानी, *कृष्णगोपाल प्रधान नौला वि. बिलबहादुर मुस्याख्वा*

प्रस्तुत विवादित जग्गाका जग्गाधनीले देख्दै नदेखेको र जग्गाको मोहीयानी हक प्राप्त नगरेको व्यक्तिलाई मोही मान्ने अवस्था पनि रहन्न । मोही हुनलाई जग्गाको वास्तविक जोताहा भएको र जग्गाधनीले मोही भनी पत्याएको हुनुपर्छ । त्यसमा पनि बिलबहादुर भन्ने कृष्ण भाइ मुस्याख्वाको विवादित जग्गामा मोही जनिई हकाधिकार नै प्राप्त भई सकेको अवस्थामा उनाउ व्यक्तिले पछि बनाएका बनिबनाउ कागजातका आधारमा भइरहेको मोहीको मोहीयानी हक अपहरण हुन सक्ने हुँदैन । जग्गाधनीलाई सालवसाली कुत बुझाइरहेका वास्तविक मोहीको हकलाई जोखिममा पार्ने गरी गाउँ विकास समितिको कार्यालय, कटुञ्जे र जिल्ला प्रशासन कार्यालय, भक्तपुरले कृष्णगोपाल प्रधान नौला र कृष्ण भाइ मुस्याख्वा एउटै हो भनी प्रमाणित गरी दिएको कागजको भरमा वास्तविक मोहीको हकमा असर पर्ने गरी निर्णय गर्नु न्यायसङ्गत् नहुने ।

बिलबहादुर मुस्याख्वाको नाम नापी हुँदाकै अवस्थामा जनिएको र निजले नै हालसम्म जोत कमोद गर्दै आएको अवस्थामा मोही हक प्राप्त गरिसकेको अवस्था एकातर्फ छ भने अर्कातर्फ जग्गाधनीहरूले समेत कृष्णगोपाल प्रधान नौला मोही भएको भन्ने कुरालाई इन्कार गरी बिलबहादुर मुस्याख्वालाई दर्तावाला मोही स्वीकार गरी कुतबालीसमेत बुझिरहेको अवस्थामा मोहीयानी प्रमाणपत्र प्राप्त नगरेको र कुतबालीसमेत नबुझाउने उनाउ व्यक्तिको दावीमा कुनै कानूनी आधार नदेखिने ।

आफ्नो हकको निर्विवाद दावी स्थापित गर्न पुनरावेदक वादीले त्यस्तो कुनै कानूनी आधार वा स्रोतको प्रमाण देखाउन सकेको पाईंदैन । मोहीयानी हक प्राप्त गरी सकेको दर्तावाला मोही जसले जग्गाधनीलाई कुतबालीसमेत बुझाउँदै आएका बिलबहादुर मुस्याख्वाको नाम नै कृष्ण भाइ मुस्याख्वा भएको तर कृष्णगोपाल प्रधान नौलाले कृष्णभाइ मुस्याख्वा र कृष्णगोपाल प्रधान एकै व्यक्ति भएको भनी जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको मिति २०६२।११।१७ को पत्रमा जग्गाको हक बेहक किटान गर्ने कार्यबाहेक अन्य प्रयोजनका लागि भनी उल्लेख गरेको अवस्थामा सो नाम एकै भएको भन्ने प्रमाणित पत्र पहिलेदेखि नै कानूनबमोजिम कायम रहेको दर्तावाला मोही बिलबहादुर मुस्याख्वाको मोहीहक समाप्तपारी कृष्णगोपाल प्रधानको मोही कायम हुन आकर्षित हुन सक्ने देखिँदैन । त्यसैगरी गाउँ विकास समितिको कार्यालय कटुञ्जे, भक्तपुरको मिति २०६२।१२।१० को पत्रबाट विवादित जग्गाको कृष्णगोपाल प्रधान नौलाको नाममा अस्थायी निस्साको प्रमाणपूर्जा बनाउने सिफारिशअनुसार कार्यान्वयन नगरी दिनु भनी भूमि सुधार कार्यालय, भक्तपुरलाई पत्र लेखेकोबाट कृष्णगोपाल प्रधान विवादित जग्गाको मोही हुन भन्न नसकिने ।

विवादित जग्गाको मोही लगतमा कृष्ण भाइ मुस्याख्वा कायम रही रहेको अवस्थामा कृष्णभाइ मुस्याख्वा नै कृष्णगोपाल प्रधान भएको मोही कृष्णगोपाल प्रधानको नाम संशोधन गरिपाऊँ भनी दिएको निवेदनको आधारमा कायम रहेको दर्तावाला मोहीको नाम सच्याउन नमिल्ने देखिँदा यस अदालतबाट भएको निस्सा प्रदान आदेशसँग सहमत हुन सकिएन । अतः पुनरावेदन अदालत, पाटनबाट पुनरावेदक दावी खारेज गर्ने गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटर गर्नेः कल्पना बतौला
इति संवत् २०७० साल जेठ ३१ गते रोज ६ शुभम् ।

इजलास नं. ३

१

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती, ०६६-CI-१२०४, नामसारी, *जगदीशप्रसाद बर्मा वि. नागेश्वरी चौधरी कुर्मी*

मालपोत कार्यालय, बाँकेले मिति २०६५।९।१७ मा मृतकहरूका नाउँको सम्पत्ति यी पुनरावेदक मथुरा कुर्मी र गजाधर कुर्मीको नाममा नामसारी गरी दिने निर्णय गरेउपर पुनरावेदन अदालत, नेपालगञ्जमा नागेश्वरीदेवीको पुनरावेदन परी सो मुद्दा विचाराधीन रहिरहेको अवस्थामा नै मिति २०६५।१२।२२ मा निज नागेश्वरीदेवीको मृत्यु भए पनि निजका वारेसले तारिख लिइरहेका तर कानूनबमोजिम निज मृतकको देहावसानपछि अ.बं. ६२ नं. ले निर्धारित गरेको म्यादभित्र निजको कुनै हकवालाले मुद्दा सकार गरेको नदेखिने ।

३५ दिनभित्र दुबै पक्षको फिराद परेमा सोहीअनुसार र नपरेमा वा प्रत्यर्थी नागेश्वरी चौधरीको देहान्त भएको समेतको कारणबाट फिराद गरिरहनु नपर्ने देखाई वादीले मालपोत कार्यालय, बाँकेसमक्ष निवेदन दिएमा समेत कानूनबमोजिम अपुताली हक सम्बन्धमा निर्णय हुने नै हुँदा हक बेहकमा नालेस गर्न जान सुनाई दिनु भनी पक्षहरूलाई तारिख तोकी मालपोत कार्यालय, बाँकेमा पठाउने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।११।२५ को फैसलालाई अन्यथा भनिरहनु पर्ने नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल माघ २७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की**, २०६७ सालको स.फौ.पु.नं. ०६७-CR-०७४३, ज्यानमार्ने उद्योग र चोरी, *रविन थापासमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले जाहेरवालालाई पेस्तोलले फायर गर्दाका साथसाथै गुहारगुहार भनी जाहेरवाला कराएको कारणले तुरून्त गाउँलेहरूको उपस्थिति भई एकैछिनमा धेरै जमातअगाडि आई निजहरूलाई लखेट्दै लगेको कारणबाट पनि अन्य फायर हुन नसकेको अवस्था देखिन्छ । प्रस्तुत मुद्दामा हारगुहार गर्दासाथै गाउँलेहरूको भीड तुरून्त अगाडि आउनु नै तेस्रो तत्त्वको उपस्थिति भएको देखिने ।

पेस्तोल जस्तो जोखिमी हतियारले पूर्ण मनसायपूर्वक जानीजानी जाहेरवालामाथि पेस्तोल प्रहार गरी घाइते पारी ज्यान मर्नेसम्मको काम गरेको तर कुनै तरहले ज्यान मर्न नपाएको हुँदा यी प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको कसूर गरेको मान्नु पर्ने ।

प्रतिवादीहरूमाथि उल्लिखित ऐन, कानूनका व्यवस्थाहरूमा निषेध गरेको ज्यानमार्ने उद्योग र चोरीको कसूर गरेको पाइएको र पुनरावेदन अदालत, इलामबाट सोही कानूनको परिधिमा रही सजाय भएको देखिँदा प्रतिवादीहरूले यस अदालतमा पुनरावेदन गर्दा लिएका जिकीरहरूसँग सहमत हुन सकिएन । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही कैद वर्ष १०(दश) र चोरीको महलको १४(३) नं. बमोजिम बिगो रू. २,६०,०३२।- को दोब्बर रू. ५,२०,०६४।- जनही जरीवाना र कैद महिना २ (दुई) हुने र जरीवानाबापतसमेत कैद हुने ठहर गरी शुरू झापा जिल्ला अदालतबाट मिति २०६६।१।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहराएको पुनरावेदन अदालत, इलामको मिति २०६७।१।८ को फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरी रहनु परेन सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की**, २०६७ सालको स.फौ.पु.नं. ०६७-CR-०७६१, लागू औषध खैरो

हेरोइन, *ज्ञानबहादुर दर्जी वि. नेपाल सरकार*

विशेषज्ञबाट दिइएको परीक्षण प्रतिवेदनलाई हेर्दा निज प्रतिवादी ज्ञानबहादुर दर्जीबाट बरामद भै परीक्षणको लागि पठाइएको वस्तु "लागू औषध हेरोइन पाइएको छ" (Narcotic Drugs Heroin has been detected in the exibit) भनी सम्बन्धित वैज्ञानिक विशेषज्ञबाट प्रेषित परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । त्यसकारण यी प्रतिवादीले बोकी हिँडेको अवस्थामा निजका साथबाट बरामद भएको ६० ग्राम तौल भएको खैरो धुलोजस्तो वस्तु लागू औषध हेरोइन नै रहेछ भन्ने कुरा शङ्कारहित आधारबाट पुष्टि हुने ।

प्रतिवादीले यस अदालतमा पुनरावदेन गर्दा बयान बलपूर्वक गराइएको, म लागू औषधको कारोबार गर्ने मान्छे होइन, खाने मान्छे पनि होइन भनी जिकीर लिए तापनि उक्त वस्तु निजको साथबाट बरामद भएको भन्ने कुरा यकीनरूपमा पुष्टि भएको देखिन्छ । बरामदी मुचुल्कामा गरेको सही मेरो होइन भनी यी प्रतिवादीले भन्न सकेका छैनन् । निजको साथबाट बरामद भएको हो भनी लेखिएको बरामदी मुचुल्कामा आफ्नो स्वेच्छाले सही गरेका छन् । बलपूर्वक गरिएको भनी मौकामै कहीं कतै कुरा उठाइएको छैन । अधिकारप्राप्त अधिकारीसमक्ष साबिती रहेका छन् । कारोबार गर्ने मान्छे होइन भनी अदालतमा आई व्यक्त गरे तापनि सो वस्तु निजले आफ्नो साथमा बोकी हिँडेको र अरूलाई दिई रकम लिने भन्ने निजको भनाइबाट पनि कारोबार गर्ने र सो वस्तु साथमा बोकी हिँड्ने रहेछन् भन्ने स्पष्टरूपमा देखिने ।

प्रतिवादीले लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ) र (च) बमोजिमको निषेधित कसूर अपराध गरेको देखिँदा निजलाई सोही ऐनको दफा १४(१) को देहाय छ(२) अनुसार १२ (बाह्र) वर्ष २ (दुई) महिना कैद र रु १,३५,०००।- (एकलाख पैंतीस हजार) जरीवाना हुने ठहर्‍याएको शुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१०।७ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।१७ को फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरी रहनु परेन सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६७-CI-००६०, परमादेश, *श्री बालज्योति प्राथमिक विद्यालयसमेत वि. उर्मीला कोइराला*

विद्यालय व्यवस्थापन समितिले निवेदिकालाई नियुक्ति दिने निर्णय गरिसकेको अवस्थामा सो नियुक्तिलाई चुनौती दिई साधिकार निकायबाट बदर नभएसम्म त्यसको अस्तित्त्वलाई धुमिल गर्ने गरी पुनः निर्णय गर्दै जाने हो भने नियुक्तिको प्रक्रियाले अनन्तकालसम्म पूर्णता प्राप्त गर्न नसक्ने ।

विपक्षी बलबहादुर निरौलाको अध्यक्षतामा गठन भएको शिक्षक छनौट समितिले आवश्यक प्रक्रिया पूरा गरी लिखित एवं मौखिक परीक्षामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने निवेदिकालाई नियुक्तिको सिफारिश गर्ने निर्णय गरिसकेको र सो निर्णय साधिकार निकायबाट बदर नभई यथावत् कायम रहिरहेको अवस्थामा सो निर्णयबमोजिम निवेदिकालाई विद्यालयलाई प्राप्त राहत कोटाअन्तर्गतको शिक्षिका पदमा नियुक्ति दिनुपर्ने देखिँदा निवेदिकाले उत्तीर्ण गरेको राहत कोटाको शिक्षक पदमा नियुक्ति पाउने र माग गरेको तलब भुक्तानी दिने नदिने सम्बन्धमा आवश्यक निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।३।१३ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८-CR-०१०१, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. मधुसूदन खत्री*

पीडित जाहेरवाला स्वयंले उक्त लिखत वैदेशिक रोजगारअन्तर्गतको नभई लेनदेन व्यवहारअन्तर्गतको हुँदा वैदेशिक रोजगारअन्तर्गत कारवाही नगरी पाऊँ भनी निवेदन दिई सनाखतसमेत गरेको देखिएको आधार कारणबाट अभियोग दावी अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्‍याएको शुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सो सदर हुने ठहर्छ । प्रतिवादीउपर वैदेशिक रोजगार ठगीमा अभियोग माग दावी लिएकै आधारमा सोबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८-CR-०१८८, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. फुलिया यादवसमेत*

जाहेरीमा उल्लिखित व्यक्तिहरूलाई विदेश पठाउँदा लिएको रकममध्ये रू. ४० हजार मात्र आफूले लिएको अरू रकम प्रतिवादी हयुमन रिसोर्स प्रा.लि.लाई दिएको भनी शुरू न्यायाधिकरणसमक्ष बयान गरेको देखिए तापनि जाहेरीमा उल्लिखित व्यक्तिहरूसँग प्र. फुलियादेवीमार्फत प्र. हयुमन रिसोर्स प्रा.लि.ले लिएको सम्पूर्ण रकम प्रतिवादी फुलियादेवीले नै मिति २०६६।१२।११ मा फिर्ता लिएको मिसिल संलग्न सो कागजबाट देखिन्छ । यसरी जाहेरीमा उल्लिखित सम्पूर्ण व्यक्तिहरूलाई विदेश मलेशिया पठाएको रकम तथा जग्गाहरू फिर्ता गर्नुपर्ने दायित्त्व फुलियादेवीको देखिएको र सोअनुसार सम्पूर्ण रकम तथा क्षतिपूर्तिसमेत निज प्रतिवादी फुलियादेवीले जाहेरवालाहरूलाई बुझाई सो बुझाएकोले प्रतिवादीहरूलाई वैदेशिक रोजगार ठगीअन्तर्गत कारवाही नगरी पाऊँ भनी जाहेरवालाहरूले संयुक्त निवेदन दिई सनाखतसमेत गरिदिएको मिसिल संलग्न सो निवेदनबाट देखिँदा प्रतिवादीहरूलाई अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याएको शुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८-CR-०१८९, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. अमृतकुमारी शेरचन थापा*

प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारको लागि दुबई पठाउने भनी २,८०,०००।-लिई कागज गरेको तथ्य मिसिल संलग्न उक्त लिखतबाट देखिँदा सो तथ्यमा कुनै विवाद रहेको देखिएन । उक्त लिखतबमोजिमको रकम मैले लिएको हैन, मेरा पतिले लिएको हो पति विगत छ महिनादेखि बेपत्ता भई घरमा नआएको र जाहेरवालाले पटकपटक दाइले लिएको रकम दिनुहोस् भनी माग गरी नदिने भए कागज गरिदिनुहोस् भनी भनेकोले जबर्जस्ती सो कागज गरिदिएको हो । जाहेरवालाले वैदेशिक रोजगारको लागि कागज गराएको कुरा पछि मात्र थाहा भएको हो भनी कागज गरेको तथ्यलाई स्वीकार गरी वैदेशिक रोजगारमा पठाउने कुरामा इन्कार रही प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालतमा समेत बयान गरेको पाइन्छ । प्रतिवादीको सो इन्कारीलाई उक्त लिखतको लेखक साक्षी विष्णुप्रसाद सिलवालले जाहेरवाला र प्रतिवादीबीच पुरानो लेनदेन रहेछ । पटकपटक दिने भाखा सरिरहेको हुनाले २०६५।११।१७ पनि रकम लिने दिने भाखा रहेको, त्यस दिन पनि लेनदेन हुन नसकेपछि कसरी मिलाउने भनी दुबै पक्षको कुरा हुँदा कागज गर्ने कुरा भई छिटो रकम असूल हुन्छ भनेर वैदेशिक रोजगारको भाखा राख्न सहमत भएर सो कागज गरिदिएको हो । सो कागज आपसी घरायसी लेनदेको हो । वैदेशिक रोजगारको विषय होइन भनी बकपत्र गरी पुष्टि गरिदिएको अवस्था देखिन्छ । प्रतिवादी वैदेशिक रोजगारमा जाने भए राहदानीलगायतका कागजातहरू पेश गर्ने

आदेश हुँदा जाहेरवालाले राहदानीलगायतका कागजातहरू समेत पेश गर्न सकेको मिसिल संलग्न कागजातहरूबाट नदेखिँदा प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने ठहऱ्याएको शुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६७–CR–००६२, निषेधाज्ञा, *बलबहादुर निरौला वि. कल्पना कटुवालसमेत*

निषेधाज्ञा भनेको कुनै नागरिकको हकमा अर्को व्यक्तिद्वारा आघात पार्ने आशङ्काको स्थिति देखिएमा नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम आशङ्का रोकी पहिले जुन अवस्थामा जुन चीज थियो सोही अवस्थामा रहन दिन अर्थात् यथास्थितिमा रहन दिने गरी जारी गरिने आदेश हो । प्रस्तुत निवेदनमा निवेदकले नागरिक अधिकार ऐनद्वारा प्रदत्त कुन अधिकार कसरी आघात पार्ने आशङ्का रहेको हो भनी वस्तुनिष्ठ तवरबाट देखाई सोको पुष्टि गर्न सकेको अवस्था देखिँदैन । आफूसमेत भई नियुक्तिको लागि सिफारिश गरेको कार्य कार्यान्वयन भएमा त्यस्तो कार्यबाट निवेदकको नागरिक अधिकार ऐनद्वारा प्रदत्त हकमा आघात परेको रहेछ भनी मान्न नमिल्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस १६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६७–CI–०३९९, लेनदेन, *देवशरणप्रसाद यादव वि. रम्भादेवी यादव*

विवादको लिखतमा रहेको हस्ताक्षर तथा नमूनाको लागि लिइएको हस्ताक्षरको केही गुणहरूमा समानता देखिएको, तर समयको अन्तराल अधिक रहेकोले यकीन भन्न नसकिने भनी विशेषज्ञको राय प्रतिवेदन भएकै आधारमा विशेषज्ञको राय प्रतिवेदन विरोधाभाष रहेछ भनी मान्न नमिल्ने हुँदा प्रतिवादीसँग लिइएको ल्याप्चे सही र लिखतमा लेखिएको ल्याप्चे सही मिले भिडेको भनी विशेषज्ञले दिएको रायलाई अदालतमा आई बकपत्र गरी पुष्टिसमेत गरिदिएको समेतबाट वादीले प्रतिवादीबाट लिखतअनुसारको साँवा ब्याज भराई पाउने ठहऱ्याएको शुरू बारा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६७–CR–०६६६, अदालतको अपहेलना, *दलित कन्या सामुदायिक प्राथमिक विद्यालय, रौतहटसमेत वि. रञ्जुकुमारी साह*

पुनरावेदक विपक्षीहरूको पुनरावेदन अदालतबाट जारी भएको मिति २०६६।१०।२७ गतेको परमादेशअनुसार शिक्षा नियमावली, २०५९ ले तोकेको प्रक्रिया पूरा नगरी शिक्षक नियुक्तिको लागि अनिवार्यरूपमा ३० दिनको समयावधि तोकी विज्ञापन गर्नुपर्नेमा सो नगरी १५ दिनको मात्र समयावधि तोकी विज्ञापन गरेको देखिँदा सो आदेशको परिपालना गरेको भनी मान्न मिल्ने नदेखिँदा अदालतको अपहेलना गरेको ठहऱ्याई सजायको हकमा क्षमा मागेकोले माफी दिएको पुनरावेदन अदालत, हेटौंडाको आदेश मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस १६ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६६–CR–०७३०, अदालतको अपहेलना, *घुरणप्रसाद यादवसमेत वि. रामबहादुर साह तेली*

अदालतको दावीको जग्गालाई जग्गाधनी प्रमाणपूर्जा एवं मालपोत तिरेको रसिदसमेतबाट वादीको रहेको भनी अन्तरिम आदेश जारी गरेको स्थितिमा पनि सो जग्गालाई सार्वजनिक भनी विपक्षीहरूको कथन स्वयंमा अपहेलनायुक्त

देखिँदा विपक्षीहरूले अदालतको अपहेलना गरेको ठहऱ्याई जनही रू. ५००।– गरेको पुनरावेदन अदालत, जनकपुरको आदेश मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८–CR–१३२९, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. निराजन सापकोटा*

प्रतिवादीले विधिवत्‌रूपमा 'B' वर्गको मात्र सवारी चालक अनुमतिपत्र पाएकोमा सो अनुमतिपत्रमा F र G वर्गसमेत थप गरी अड्डाको छाप, होलोग्राम तथा सरकारी कर्मचारीको दस्तखतसमेत नक्कली गरी आफूलाई फाइदा हुने गरी सरकारी छाप दस्तखत कीर्ते गरी सो अनुमतिपत्र प्रयोगमा समेत ल्याएको मिसिल संलग्न कागजातहरू तथा प्रतिवादीको बयानबाट स्थापित भएको देखिन्छ । आंशिक वा पूर्ण जुनसुकै प्रकारको कीर्ते गरेको भए पनि सरकारी छाप दस्तखत कीर्ते गरेको प्रमाणित भएको अवस्थामा कीर्ते कागजको १२ नं. ले उसै अड्डाको कर्मचारीबाहेक अन्यलाई १ वर्ष थप कैदको सजाय गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिँदा कीर्ते कागजको ९ नं. ले रू. ५०।– जरीवाना भई सोही महलको १२ नं. बमोजिम थप १ वर्ष कैदसमेत हुने ठहर्छ । कीर्ते कागजको १२ नं. बमोजिम थप सजायतर्फको दावी नपुग्ने ठहऱ्याएको शुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म उल्टी हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल माघ २४ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६८–CI–०८५४, मोही लगत कट्टा, *लक्ष्मी ज्याख्वा वि. तुल्सीबहादुर सुलु*

एकै दिन एकै समयमा एउटै कित्ताको विवरण लेखाउँदा एउटा तुल्सीबहादुरको थर 'सुलुउजु' र अर्को तुल्सीबहादुरको थर 'लाव' लेखिएकोमा विवाद छैन । यी दुई थर समान हुन् जसलाई जुन सजिलो लाग्दछ त्यही लेखाउँछ भन्ने वादीको कथन पनि छैन । र, यसो भएको भए पनि ती दुबै थर एकै कित्ताको नापीको सन्दर्भमा एकै व्यक्तिले लगभग एकै समयमा लेखेको देखिन्छ । यी दुई थर लेखिएकै कारणले नै मोही तुल्सीबहादुर र जग्गाधनीको छोरा तुल्सीबहादुर अलगअलग व्यक्ति भएको पुष्टि हुने ।

विवादित साविक कि.नं. ३५८ सँग सम्बन्धित १ नं. अनुसूचीबाट सो जग्गा वर्ष १७ का विकुनारांका छोरा तुल्सीबहादुर सुलो भनी जनिएको देखिन्छ । विकुनारांका छोरा तुल्सीबहादुर सुलु स्वंयम प्रतिवादी हुन् भने वादीका दाता तुल्सीनारांका छोरा तुल्सीबहादुर वर्ष ४६ का भन्ने देखिई दुई अलग अस्तित्त्वका पृथक व्यक्ति भन्ने प्रमाणबाट देखिन्छ । २ र ४ नं. अनुसूचीसमेतले कि.नं.३५८ को मोही तुल्सीबहादुर सुलु रहेको पुष्टि हुने ।

साविक जग्गाधनीहरू अर्थात् वादीका दाताहरूले नै तुल्सीबहादुर सुलु मोही भनी स्वीकारी सकेको अवस्थामा जोताहा अस्थायी निस्सा प्राप्त व्यक्तिलाई जोताहा मोही होइन भन्नु कानूनसङ्गत् देखिँदैन । आफ्ना दाताले लिखत र व्यवहारसमेतका आधारमा प्रष्टरूपमा स्वीकार गरेको कुरा क्रेता वा प्राप्तकर्ताले इन्कार गर्न नपाउने ।

बकसपत्र पारीत गरी लिँदाका बखत नै मोही महलमा अन्य व्यक्तिको नाम उल्लेख भइरहेको देखिएको अवस्थामा निज जग्गाधनी तुल्सीनारांकै छोरा हो भनी प्रमाणित गर्न नसकेको भनी विपक्षी पुनरावेदक प्रतिवादी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २ (ख) को परिभाषाभित्र नपर्ने भनी मोही महलबाट मोहीको नाम कट्टा गर्ने ठहऱ्याएको भूमिसुधार कार्यालय, भक्तपुरको फैसला नमिलेकाले भूमिसुधार कार्यालय, भक्तपुरको फैसला उल्टी हुने भनी लगत कट्टा गरी पाऊँ भन्ने दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।१।१ को

फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत २०७० साल असार १४ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६८-CI-०८५३, जोत खिचोला, *लक्ष्मी ज्याख्वा वि. तुल्सीबहादुर सुलु* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।
- यसै लगाउको ०६८-CI-०८७७, जोत खिचोला, *सूर्यमाया ढुकुछु वि. तुल्सीबहादुर सुलु* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।
- यसै लगाउको ०६८-CI-०८७८, मोही लगत कट्टा, *सूर्यमाया ढुकुछु वि. तुल्सीबहादुर सुलु* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६७-CI-११४१, मोही प्रमाणपत्र पाऊँ, *दुःखी ठाकुर वि. मुसहरनियादेवी खंग*

गा.वि.स.को कार्यालय, खड्गपुर, सप्तरीको च.नं. ११ मिति २०६४।५।१७ को पत्रबाट मानराजा र खड्गपुर गा.वि.स. का वडाहरू फेरबदल भएको देखिएको, साविक खड्गपुर गा.वि.स. वडा नं. ९ को क्षेत्रफल ०-५-० जग्गा सर्भे नापीको समयमा सप्तरी मानराजा गा.वि.स. वडा नं. १क कि.नं. ९५ मा क्षेत्रफल ०-३-४½ मा नापी भएको देखिएको र सो जग्गामा वादीको लोग्ने गोसाई खंगले १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भई ४ नं. जोताहाको अस्थायी निस्सासमेत प्राप्त गरेको आधार प्रमाणसमेतबाट सो जग्गामध्ये उत्तरतर्फबाट ०-२-१० जग्गाको मोही हक वादीको नाउँमा नामसारी भई मोहियानी हकको प्रमाणपत्र पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल माघ २४ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६७-CI-११४२, मोही प्रमाणपत्र पाऊँ, *दुःखी ठाकुर वि. कुम्हारु खंग खत्वे* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट**, २०६७-WO-०३८८, उत्प्रेषणमिश्रित परमादेश, *किशोरी रायसमेत वि. गाउँ विकास समितिको कार्यालय, बेल्ही सर्लाहीसमेत*

गाउँ परिषद्‌बाट कुनै व्यक्तिको नियुक्ति नगरेको र नियुक्त भएको व्यक्ति कार्यालय आई हाजीर भई तोकिएको जिम्मेवारी पूरासमेत नगरेको भनी गाउँ परिषद्‌बाट उक्त मिति २०६५।९।२९ को नियुक्ति बदर गरी सकेको र निजले बुझिलिएको तलब भत्ताको रकमसमेत गैरकानूनी हुँदा उक्त रकम निजबाट असूलउपर गर्ने लेखापरीक्षणबाट औंल्याइएको भनी गाउँ विकास समितिको लिखित जवाफसमेतबाट पुष्टि भैरहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

शाखा अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल मंसिर १८ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०६४-CI-०९४१, जग्गा खिचोला चलन, *इन्द्र ठाकुर बडही वि. बिक्रम शाह तेलीसमेत*

खिचोला मुद्दामा आशङ्‌काको स्थिति नरहने र खिचोला गरेको भनी उजूरी आएपछि सो सम्बन्धमा आवश्यक प्रमाणहरू बुझी सोको मूल्याङ्कन गरी खिचोला गरे नगरेको ठहर गर्नुपर्ने हुन्छ । यसरी आशङ्‌काको स्थिति देखाई दिएको निषेधाज्ञाको निवेदनमा आदेश गर्दा आशङ्‌काको नदेखिएको आधारमा निवेदन खारेज गरेको कारणले मात्र खिचोला मुद्दामा आधार ग्रहण गर्नु न्यायोचित हुने देखिएन । अतः दे.नं. ३२७ को उक्त निषेधाज्ञाको निवेदनमा भएको आदेशलाई ग्रहण गरी हदम्यादको अभाव देखाई प्रस्तुत खिचोला मुद्दा खारेज गर्ने गरेको पुनरावेदन

अदालतको फैसला मिलेको नदेखिँदा सो बदर गरिदिएको छ । अतः शुरू जिल्ला अदालतबाट मिति २०६०।१०।५ मा भएको नक्सा मुचुल्का बदर गरी कि.नं. १५३१, १५३२, ११७६, ११७७ समेतका वादी प्रतिवादीका वरिपरिका अन्य कित्ता जग्गासमेत स्पष्ट देखिने नापनक्सा गर्नु भनी यस अदालतबाट भएको आदेशबमेजिम नापनक्सासमेत भई मिसिल सोमल रहेको देखिँदा यसमा शुरू अदालतमा प्रमाणको मूल्याङ्कन नभई जग्गाको स्वामित्व कसमा रहने र पर्खाल कहिले बनेको साक्षी सर्जमिनलगायत आवश्यक जे जो बुझ्नु छ सोसमेत बुझी इन्साफ गर्नु भनी रूजु तारिखमा रहेको पक्षहरूलाई पुनरावेदन अदालत, जनकपुरमा जानु भनी तारिख तोकी शुरू एवं पुनरावेदनको रेकर्ड मिसिलसमेत पठाई दिनु ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असार ११ गते रोज ६ शुभम् ।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, २०६७–WO–१२८८, उत्प्रेषणमिश्रित परमादेश, *कमलप्रसाद छुन्त्याल भन्ने कमल छुन्त्याल वि. स्थानीय विकास मन्त्रालयसमेत*

निर्देशिकामा नै बढीमा ४ वर्षको पदावधि तोकिएकोले उक्त पदमा कायम राख्ने वा बर्खास्त गर्ने भन्ने कुरा नेपाल सरकार मन्त्रिस्तरीय निकायको स्वविवेकमाथि निर्भर रहने कुरा हो । उक्त निर्देशिकाको ५.२(२) अनुसार निवेदकको नियुक्ति भएको हुँदा Doctrine of Pleasure को सिद्धान्तअनुसार नियुक्तिकर्ताले पूरै चार वर्षसम्म वा चार वर्षभित्रै निवेदकलाई सो पदमा कायम गर्नसक्ने वा बर्खास्त गर्नसक्ने निजको स्वविवेकमाथि निर्भर रहने देखिन आउँछ । यस्तो अवस्थामा नियुक्ति गर्ने अधिकारी वा निकायले जुनसुकै बखत हटाउन वा पदमुक्त गर्नसक्ने हुँदा रिट निवेदकलाई आदिवासी जनजाति जिल्ला समन्वय समितिको उपाध्यक्षको पदबाट पदमुक्त गर्ने गरी भएको मिति २०६८।१।५ को निर्णय कानूनसम्मत नै रहेको देखिँदा रिट निवेदन खारेज हुने ।

शाखा अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल मंसिर १६ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, ०६९–WO–०११४, उत्प्रेषण, *शर्मीला वन्त वि. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयसमेत*

त्रिभुवन विश्वविद्यालय परीक्षा सञ्चालक समितिले मिति २०६८ साल साउन–आश्विनमा सञ्चालित नेपाली विषयका स्नातकोत्तर तह दोस्रो वर्षको परीक्षामा सम्मिलित रोल नं. ४००११९ की निवेदिका परीक्षार्थीलाई परीक्षामा चीट प्रयोग गरेको आधारमा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय परीक्षा सञ्चालक समितिले परीक्षा रद्द गरी एक वर्षको लागि परीक्षामा सम्मिलित हुन नपाउने गर्ने निष्काशित गरी निर्णय गरी मिति २०६९।४।१ मा परीक्षाफल प्रकाशित भएको देखिने ।

निवेदिकाले परीक्षामा चीट प्रयोग गरी त्रि.वि. शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २६० को उल्लङ्घन गरेकोले चुनौती दिइएको पाइन्छ । परीक्षा केन्द्रको प्रतिवेदन, चीट संलग्न निजको उत्तरपुस्तिकासमेतका आधारमा साधिकार निकायले विधिसम्मत प्रक्रियाबाट उक्त निर्णय भएको छ । निवेदिकाबाट सो कार्य भएको होइन भन्ने कथन र भएको हो भन्ने विपक्षीको कथनबीच सबूद प्रमाणको मूल्याङ्कन गरी हेर्न सकिने क्षेत्राधिकार यो भएन ।

मूलतः निवेदिकालाई एक वर्षको लागि परीक्षा दिन नपाउने गरिएको समय व्यतीत भइसकेको तथा निवेदिकाको निवेदन माग दावी निष्प्रयोजित भइसकेबाट निवेदन मागबमोजिमको

आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः देवीकुमारी चौधरी
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल मंसिर ६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, ०६७–WO–०२९६, उत्प्रेषण, *तनुजा गिरीसमेत वि. प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, धनुषा, जनकपुरधामसमेत*

अदालतको फैसलाअनुसार मालपोत कार्यालय, धनुषाको मिति २०६२।५।३० को आदेशानुसार नापी शाखा, धनुषाबाट मिति २०६२।०५।३१ मा कित्ताकाट गरी मालपोत कार्यालय, धनुषामा पठाएको पाइन्छ । त्यसपछि मिति २०६२।६।११ म भक्तबहादुरको नाममा फैसलाका आधारमा कित्ताकाट दर्ता गर्ने भनी मालपोत कार्यालयबाट निर्णय भएको आधारमा दर्ता भएको अवस्था देखिन्छ । यसरी अदालतको अन्तिम फैसलाअनुसार नै फैसला कार्यान्वयनको सिलसिलामा विवादित कि.नं. १९९ को ०–१५–० जग्गामध्ये दुई भागको एक भाग पश्चिम उत्तरतर्फबाट ०–७–१० जग्गा मिति २०६२।६।११ मा मालपोत कार्यालय, धनुषाको मिति २०६२।६।११ को निर्णयअनुसार भक्तबहादुर पाचे मगरको नाउँमा दर्ता हुन आएको अवस्था देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः देवीकुमारी चौधरी
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७० साल मंसिर ६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट**, २०६९ सालको साधक नं. ०६९–RC–०००४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुधे भन्ने बुद्धिराम पुनमगर*

जाहेरीमा प्रतिवादीको दिमागले काम नगरेको भनी उल्लेख भए पनि अनुसन्धानको क्रममा प्रतिवादीको मानसिक अवस्था जाँच गर्न भेरी अञ्चल अस्पतालमा पठाउँदा अस्पतालले प्रतिवादीलाई कुनै प्रकारको मानसिक रोग नलागेको भनी शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख गरेको देखिएको र उक्त परीक्षण प्रतिवेदन सम्बन्धमा अदालतमा बयान गर्दा स.ज. १२ मा प्रतिवादीलाई सोधपुछ गर्दा आफू मानसिक रोगी भएको भनी निजले जिकीर लिन सकेकोसमेत पाईंदैन । मौकामा जाहेरी गर्ने मृतककी छोरी रामकली श्रेष्ठले अदालतमा आई बकपत्र गर्दा घटना घटाउँदाका अवस्थामा प्रतिवादीमा मानसिक रोग भएको भनी यकीनसाथ भन्न र लेखाउन नसकेको अवस्थामा जाहेरीमा उल्लेख गरेकै आधारमा मात्र यी प्रतिवादी मानसिक रोगी रहेछन् भनी मान्न कानूनतः नमिल्ने।

प्रतिवादीको बयान, बरामदी दशी, लास जाँच रिपोर्ट एवं मौकामा कागज गर्ने व्यक्तिहरूको कागजसमेतका आधार र प्रमाणबाट प्रतिवादी बुधे भन्ने बुद्धिराम पुन मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर गरेको शुरू फैसला साधक जाँचको रोहमा सदर हुने ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६८।८।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः कपिलमणि गौतम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल माघ ३ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट**, ०६९–WO–०१७४, उत्प्रेषण, *सोनिका घर्ती क्षेत्रीसमेत वि. मालपोत कार्यालय, कास्की, पोखरासमेत*

वैदेशिक रोजगारमा पठाई दिने भनी निवेदकहरूका पति/पिताले विभिन्न व्यक्तिहरूसँग रकम लिई ठगी गरेको कुरा सक्षम निकायबाट ठहर भई अन्तिम भएर रहेको छ । बिगो पाउनु उक्त मुद्दाका पीडितहरूको अधिकार हो । त्यसैका लागि भएका लिलामीलाई निवेदकहरूले अंशलगायतका मुद्दा दिएको कारणले बदर गरिदिनु न्यायोचित हुन सक्तैन । रोक्का रहेका १३

कित्तामध्ये ६ कित्तामात्र लिलाम भएको कुरा पनि त्यतिकै विचारणीय छ । केवल निवेदकहरूको अंश हक लाग्ने सम्पत्तिसमेत लिलाम गरिएको भन्ने निवेदन कथन रहेको छ । हकको दावी गर्ने व्यक्तिले सोसँगै जोडिएर आउने दायित्त्वबाट उन्मुक्ति पाउने स्थिति रहँदैन । केवल फौजदारी कसूरको कारणबाट हुने कैद जरिवानाको दायित्त्व विभाजित हुँदैन, जसलाई सजाय भएको हो उसैले व्यहोर्नु पर्दछ । तर, बिगो तिर्नुपर्ने जस्तो देवानी प्रकृतिको दायित्त्वको भागीदारीबाट सम्पत्तिमा हक दावी गर्ने व्यक्तिहरू निरपेक्ष हुन्छन् भन्ने अर्थ गर्न नमिल्ने ।

फैसला कार्यान्वयन अदालतको पहिलो प्राथमिकतामा पर्ने कुरा हो । परोक्षरूपमा नभई प्रत्यक्षरूपमा नै कसैको कानूनी हक नै लोप हुने अवस्था देखिएमा, भएको फैसलाकै प्रतिकूल कार्यान्वयन भएकोमा र कानूनद्वारा निर्धारित फैसला कार्यान्वयनको कार्यविधिमा तात्त्विक महत्त्व देखिने त्रुटि गरेको देखिएमा निश्चय नै कानून र कानूनी प्रक्रियाको रक्षक तथा कानूनी राजको संरक्षक यस अदालतले आँखा चिम्लिँदैन । तर, यी तीन अवस्था नदेखिएमा फैसला कार्यान्वयनको प्रतिकूल धारणा यस अदालतले बनाउँदैन र सम्पन्न भइसकेको वा हुन लागेको फैसला कार्यान्वयन बदर वा अवरूद्ध गर्दैन । प्रस्तुत विवादको तथ्य र लिलाम गर्दा अवलम्बन गरिएको प्रक्रियालाई अध्ययन गर्न निवेदकले जिकीर लिएका सारवान् तथा कार्यविधिगत त्रुटि तथा कुनै पनि कानूनको बर्खिलाप भई गैरकानूनीरूपमा लिलाम सम्पन्न भएको नदेखिँदा विपक्षीहरू इमान्दु बराल, हरिशङ्कर घर्ती मगर र लक्ष्मण बानियाँसमेतको नाउँमा लिलाम सकार गर्ने गराउने, दा.खा. दर्ता गर्ने गराउने कास्की जिल्ला अदालत, पुनरावेदन अदालत, पोखरा र मालपोत कार्यालय, कास्कीले वैदेशिक रोजगार न्यायाधिकरणको अन्तिम फैसला कार्यान्वयनका सिलसिलामा गरेका आदेश एवं निर्णय बदर गरिपाऊँ भन्ने निवेदन मागदावी कानूनसम्मत नदेखिएबाट निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल भदौ १६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट**, ०६७–WO–०७९८, उत्प्रेषण, *भरतमणि जङ्गम वि. श्री पशुपति विकास कोष, गौशालासमेत*

विकासको बाटोमा परम्परा बाधक बन्दछ र यसलाई राज्यले महसूस गर्दछ भने कानूनका माध्यमले त्यो परिवर्तन हुन सक्दछ । सुव्यवस्था, सुशासन र सुप्रबन्ध गर्न कानूनले दिएको अख्तियारी प्रयोग गरी कुनै नयाँ कुराको थालनी नगर्ने हो भने विकास अवरुद्ध हुन पुग्दछ कानून र न्याय विकासका सारथि हुन्, यी बिनाशका बाहक बन्न सक्दैनन् । कानून र न्याय सामाजिक आवश्यकताका परिपूरक हुन् यी जडताका सूत्रधार हुन नसक्ने ।

सरकारले परम्परामा समसामयिक र समयानुकूल परिवर्तन गर्न कानून बनाउन सक्दछ । विधिवत् बनेको कानूनले चलिआएको परम्परा वा रीतिस्थितिमा परिवर्तन गर्न सक्दछ । परम्परामात्र नभई सनद, सवाल, इस्तिहार, लालमोहर, दुई छापे, एक छापे आदि कानूनी महत्त्व बोक्ने लिखतसमेतले गरेको व्यवस्था अकाट्य र अपरिवर्तनशील हुँदैन । यही सन्दर्भमा सरकारले महसूस गरी विधिवत् पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ जारी गरेको हो । यस ऐनको दफा १८.३.४ को प्रावधान क्रियाशील रहन कुनै परम्परा बाधक हुन नसक्ने ।

निवेदकले महाशिवरात्रीको दिनलाई लक्षित गरी प्रस्तुत रिट निवेदन दायर गरेको र उक्त महाशिवरात्रिको पर्वसमेत समाप्त भएको प्रश्न एकातिर छ भने अर्कातर्फ सार्वजनिक सरोकारको प्रश्नअन्तर्गत दायर यस रिट निवेदनमा उठाइएको कानूनी प्रश्नको निराकरण पनि आवश्यक छ । यी दुबै विवेचित कारण र आधारबाट रिट निवेदन

औचित्यहीन देखिँदा खारेज हुने ।
इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल भदौ १९ गते रोज ४ शुभम् ।

इजलास नं. ६

१

**मा. न्या. श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०७०-RC-००२१, अपहरण, कर्तव्य ज्यान, नेपाल सरकार वि. अशोक तामाङ

प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा शुरू अदालतसमक्ष गरेको बयान हेर्दा मिति २०६५।९।१ गतेका दिन मृतक सम्मान कटुवालले ट्यापे भनी जिस्काएको र बेलुकी मेरो कोठामा आई खुट्टा समाती तिमीलाई इनारमा खसाली दिन्छुसमेत भनेकाले मैले निजको हात खुट्टा समाती उचाली इनारमा उधोमुन्टो बनाउँदा इनारमा खसेको हो । निज इनारमा खसी सकेपछि मैले इनारको बिर्को लगाएँ । २/४ दिनपछि इनारको पानी गन्हाउन थालेपछि अब बच्चा फिर्ता दिन्छु भनी मृतकको बाबुसँग फिरौती लिनुपर्‍यो अनि भागी जानुपर्‍यो भन्ने सोची आएकोले फिरौती लिई झापामा गएको थिएँ । फिरौतीबापतको रकम झापामा रहेका जेठान निर्मल भुजेलको घरमा राखेको हो समेत भनी उल्लेख गरेको देखिने ।

प्रतिवादीका जेठान भनिएका निर्मल भुजेलको झापा जिल्ला, दुवागढी गा.वि.स.वडा नं. ८ स्थित घरको खान तलासी हुँदा विभिन्न किसिमका दरका रू.१,५२,८५०।— रूपैयाँ बराबरका नोटहरू फेला परेको देखिन्छ । सो रकम मैले मृतकका बाबुबाट फिरौतीबापत लिएको रकममध्येको हो, बाँकी रकमबाट मोवाइल सेटसमेत खरीद गरेको हुँ भनी बयान गरेकोमा निजको सो बयानलाई समर्थन हुने गरी प्रतिवादी पक्राउमा पर्दा नयाँ मोवाइल सेटसमेत बरामद भएको देखिँदा प्रतिवादी अशोक तामाङले कर्तव्य गरी मृतक सम्मान कटुवाललाई मारेको र मृतकको मृत्यु भएपश्चात मृतकका बाबुसँग फिरौतीसमेत लिएको अवस्था विभिन्न संलग्न प्रमाणहरूबाट पुष्टि भएकोले निज प्रतिवादी अशोक तामाङले अभियोग दावीबमोजिम कसूर गरेको पुष्टि हुन आयो । तसर्थ निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद र शरीरबन्धक लिनेको महलको दफा ३ र ८ बमोजिम सजाय गर्ने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।६।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: चाणक्मणि अर्याल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७० साल माघ १० गते रोज ६ शुभम् ।

२

**मा. न्या. श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०७०-RC-००३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सरस्वती राई*

घटनास्थलमा प्रत्यक्षदर्शीको रूपमा रहेकी अनुपा राईसमेतले प्रतिवादीले मृतकलाई कोदालोले हानी मारेको हो भनी अनुसन्धानको क्रममा कागज गरी दिएको देखिन्छ । निज अनुपा राईले प्रहरीसमक्ष गरेको कागजलाई समर्थन गर्दै प्रतिवादीले मृतकलाई कोदालोले हानेको देखेकी हुँ भनी शुरू अदालतमा बकपत्र गरेको देखिन आएको छ । मृतकको पोष्टमार्टमको रिपोर्ट हेर्दा मृतकको मृत्यु "दिमागमा रगत जमेर मुटु र फोक्सोको चाल रोकिएकोले भएको भनी उल्लेख भएको देखिन्छ । फौजदारी अभियोगमा अभियुक्तको बयान महत्त्वपूर्ण प्रमाण भए तापनि निर्विकल्प तथा अन्तिम पनि होइन् । बयानलाई अकाट्य प्रमाणको रूपमा ग्रहण हुनको लागि सो बयानलाई अन्य प्रमाणहरूले समर्थन गरेको हुनु पर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई माथि उल्लिखित प्रमाणहरूले समर्थन गरेको नभई निजले अनुसन्धानको सिलसिलामा गरेको बयान कागजलाई चश्मदीत गवाह अनुपा राईको बकपत्रबाट समर्थन एवं पुष्टि गरेको देखिँदा

निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादीले मृतकको ज्यान मार्ने पूर्व योजना बनाएको पनि देखिन्न । बिहानको समयमा उठी प्रतिवादीले घरको पींढि पोत्न लाग्दा मेरो भागतर्फको पींढि तैंले किन पोतेको भनी गाली गरी भनाभन भएको र जेठानी दिदी घरभित्र पस्न लागेको अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी हातमा रहेको कोदालोले दिदीको पछाडि पट्टिबाट टाउकोमा प्रहार गर्दा दिदी भूईमा लडेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले बयान गरोबाट दिदी बहिनी (जेठानी देउरानी) बीच भएको झगडाले तत्काल आवेशमा आई प्रतिवादीले छाडेको हतियारको चोटबाट मृतकको मृत्यु हुन आएको देखिँदा प्रस्तुत वारदात तत्काल आवेशमा आई घटित भए पनि कोदालो जस्तो जोखिमी हतियारको प्रयोग भएको कारणले मात्र ज्यानसम्बन्धी महलको १४ नं. लाग्न सक्ने अवस्था नभएको र ऐ. महलको १३(१) नं. बमोजिमको कसूर ठहरिन गएको अवस्था देखिन्छ । अ.बं. १८८ नं. अनुरूप सजाय कम गर्दा पनि सो कसूरको वारदातको प्रकृतिसमेतलाई मध्यनजर गर्नुपर्ने हुँदा निज प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम सजाय घटाई १० वर्ष कैद गर्नु न्यायोचित हुने हुँदा शुरू नुवाकोट जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनबाट जाहेर हुन आएको रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : चाणकमणि अर्याल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७० साल माघ १० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०६७-CI-१०१८, परमादेशसहितको निषेधाज्ञा, *नारायणमान श्रेष्ठ वि. टीका भण्डारीसमेत*

पुनरावेदकको नाउँ दर्ताको कि.नं. १३०९ को ४-३-३-० जग्गा र कि.नं. १०३ को सरकारी ऐलानी जग्गा छुट्टै रहेको भन्ने कुरा निवेदककै पुनरावेदन जिकीरबाट समेत देखिएको छ भने विपक्षी धनकुटा नगरपालिकासमेतको लिखित जवाफहरू हेर्दा यी पुनरावेदकको जग्गाबाट नभई सोको उत्तरतर्फ रहेको कि.नं. १०३ को सरकारी जग्गाबाट बाटो खन्न थालिएको हो भनी खुलाएको पाइन्छ । बाटो खन्ने काम कि.नं. १३०९ मा नगर्ने केवल कि.नं. १०३ मा गर्ने भनी विपक्षीहरूले नै कि.नं. १३०९ मा बाटो खन्ने काम नगर्ने भनिरहेको अवस्थामा कि.नं. १३०९ मा बाटो नखन्नु भन्ने आदेश जारी गर्नु अवस्थै रहेन । कुनै गर्न थालेको कार्यलाई निषेधाज्ञाबाट निषेध गरिने हो । गर्दिन भन्दाभन्दै नगरिने कार्यलाई नगर नै भनी निषेध गर्नु कुनै औचित्य नै रहँदैन । तसर्थ पुनरावेदकको जग्गामा कुनै पनि हस्तक्षेप गरेको वा गर्ने अवस्थाको पक्का आशङ्काको स्थिति मिसिलबाट नदेखिएको हुँदा पुनरावेदन अदालत, धनकुटाले निवेदकको निवेदन खारेज हुने गरी गरेको मिति २०६७।६।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल माघ ६ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०६७-CI-१४०९, परमादेश, *कोहलपुर नगर विकास समितिको कार्यालयसमेत वि. कृष्णप्रसाद पाण्डे*

कि.नं. १११ को जग्गा भेरी अञ्चल बस तथा मिनी बस व्यवसायी संघको स्वामित्वको भई सो संघको नाउँमा रहेको कुरा निर्विवाद देखिन्छ । संघले उक्त जग्गा कोहलपुर नगर विकास समितिबाट समितिको मिति २०५८।३।२४ को निर्णयबमोजिम रजिष्ट्रेशन पास गरेको भन्ने देखिन आएको र समितिले भेरी अञ्चल बस तथा मिनी बस व्यवसायी संघलाई जग्गा रजिष्ट्रेशन गरी दिंदा संघले खरीद बिक्री गर्न नपाउने गरी कुनै शर्त बन्देज लगाएको पनि देखिँदैन । कानूनबमोजिम संघको नाउँमा रहेको संघकै स्वामित्वको घरजग्गा अन्य व्यक्तिलाई बेचबिखन गर्न रोक लगाउने कानूनी व्यवस्था

तथा बन्देजसमेत कुनै रहे भएको पाइँदैन । यस्तो अवस्थामा आफ्नो स्वामित्वको सम्पत्ति हस्तान्तरण गर्ने हकबाट सम्पत्तिको स्वामीलाई बञ्चित गर्ने गरी निर्णय गर्नु स्वामित्वको सामान्य सिद्धान्तबमोजिम समेत उपयुक्त नहुने हुँदा रजिष्ट्रेशन पास गरीदिन सिफारिश गर्ने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको मिति २०६७।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल माघ ६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की**, ०७०-WH-००१८, बन्दीप्रत्यक्षीकरण, सुमन थापा वि. काठमाडौं जिल्ला अदालतसमेत

बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन पहिलो अवस्था बन्दी हुनुपर्ने र दोस्रोमा बन्दी बनाउने कार्य गैरकानूनी हो होइन भनी हेरिने हो । बन्दी नै नरहेको अवस्थामा कसैलाई थुना वा कैदबाट मुक्त गर्नुपर्ने अवस्था नै नहुने हुँदा बन्दीलाई प्रत्यक्षीकरण गर्नुपर्ने अवस्था रहँदैन । यसप्रकार निवेदिका जेजस्तो परिस्थितिबाट कैदमा रहेको भए पनि हाल कैदमुक्त भइसकेको अवस्था मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि हुन आएको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कुवेर पाण्डे

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल माघ २ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की**, ०७०-WH-००३६, बन्दीप्रत्यक्षीकरण, *FRANCISCO JAVIER PENA PATTEAU GUTIERREZ वि. कुमारी बैंक दरबार मार्ग शाखा, काठमाडौंसमेत*

प्रस्तुत मुद्दामा रिट निवेदकले आफूलाई मिति २०७०।०८।३० मा पठाई गरिएको भनी प्रस्तुत मुद्दामा रिट निवेदकले आफूलाई मिति २०७०।०८।३० मा पक्राउ गरिएको भनी प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन मिति २०७०।९।७ मा दायर गरेको देखिन्छ । सो पूर्व नै मिति २०७०।९।४ मा काठमाडौं जिल्ला अदालतले थुनामा राखी अनुसन्धान गर्न अनुमति प्रदान गरेको देखिन्छ । प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन पर्नुपूर्व जे जस्तो अवस्थामा निवेदक थुनामा बसेको भए पनि पछि मिति २०७०।९।३० को जिल्ला अदालतको आदेशबाट निवेदक पुर्पक्षका लागि थुनामा रहेको देखिँदा निवेदकको थुनामा रहेको स्थिति र कानूनी आधार परिवर्तन भइसकेको देखिन्छ । सो परिवर्तित स्थितिको परिणामस्वरूप मिति २०७०।९।३० को जिल्ला अदालतको आदेश विरूद्ध कुनै कानूनी त्रुटि वा बेरीतको भनिएको भनी कुनै चुनौती आई नसकेको र उक्त चुनौती परेको अवस्थामा उक्त पुर्पक्षको लागि थुनामा राख्ने गरेको जिल्ला अदालतको आदेशको वैधानिकता रीत बेरीत के हो सो जाँच भई कानूनबमोजिमको आदेश अदालतबाट हुनसक्ने नै हुँदा यस परिवर्तित कानूनी स्थितिमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणलगायतको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कुवेर पाण्डे

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल माघ ८ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०७०-RC-००३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमसेन कँडेल*

प्रस्तुत वारदातमा प्रतिवादीले कसूरमा साबिती रही गरेको बयान सर्वोत्तम प्रमाणमा रहेको छ भने किटानी जाहेरी दरखास्त, घटनास्थल बुझिएका मानिसहरूले अदालतसमक्ष गरेको बयानसमेतले निज प्रतिवादीको साबिती बयानलाई समर्थन गरेको अवस्था देखिन आएको छ । अब निज प्रतिवादीले कुन मानसिक अवस्थामा बुहारीको हत्या गरेका रहेछन् भनी विचार गर्दा, प्रतिवादी घरका परिवार छोराबुहारी बाहेक

एक्लै घरमा बसेको अवस्था निजको बयानबाटै देखिन आएको छ । आफ्नो छोराबुहारीसँग बोलचाल नभएको, आफूलाई नहेर्ने र खाना पकाई नखुवाउने बुहारीलाई मारी छोराको विवाह अर्कै केटीसँग गराउने पूर्वनियोजित मानसिक अवस्था रहेको व्यहोरा निजकै सो बयानबाट देखिन्छ । यस अवस्थामा निज प्रतिवादीले पूर्वअपराधिक मानसिकताबाट मृतकको हत्या गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल माघ १० गते रोज ६ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती**, ०७०-WO-०२१५, उत्प्रेषणसमेत, *लालवीर भन्ने लरबरी थारूसमेत वि. मीरा अधिकारीसमेत*

पछि दायर भएका मुद्दामा निवेदकहरू मोही कायम भएमा वा अन्यथा निर्णय भएमा सोबमोजिम हुने कुरालाई यस कार्यान्वयन प्रक्रियाले प्रतिकूल असर पार्न सक्तैन । पहिले भइरहेको फैसला कार्यान्वयनलाई पछिबाट दायर रिट निवेदन, मोही बेदखली, जालसाजी र बाली जस्ता मुद्दाका कारणबाट मुल्तबी राख्न अ.बं. १२ ले मिल्दैन । भविष्यमा यसो होला कि भन्ने सम्भावनाको कल्पना गरेर वर्तमानमा कायम रहेको अन्तिम फैसलाको कार्यान्वयनलाई मुल्तबी राख्न अ.बं. १२ अनुकूल नहुने ।

मोरङ जिल्ला अदालतबाट जग्गा खिचोला मुद्दामा अन्तिम फैसला भै सोको चलन पूर्जीसमेत विपक्षीले पाइसकेको अवस्थामा पछि परेका मुद्दाले अघिल्लो मुद्दाको अन्तिम फैसला कार्यान्वयन रोक्न मिल्ने अवस्था नदेखिएबाट निवेदन मागबमोजिमको आदेश प्रयोजनार्थ कारण देखाउ आदेशसमेत जारी गर्न मिलेन । प्रस्तुत रिट प्रारम्भमै गरेबिराएको अवस्था नदेखिएबाट खारेज हुने ।

इजलास अधिकृतः देवकुमारी चौधरी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल असोज ४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती**, ०७०-WO-०१८०, उत्प्रेषणसमेत, *रामनारायण साह कानूसमेत वि. बिन्दवा अहिरनीसमेत*

मिति २०६९।५।१९ मा लिलाम भएको जग्गाहरू विपक्षी बिन्दवा अहिरनीको माइतीतर्फबाट अपुताली प्राप्त भई निजी आर्जनको सम्पत्ति रहेको देखिन्छ । त्यस्तो सम्पत्ति लोग्नेले खाएको ऋण रकममा लिलाम हुन नसक्ने भनी बारा जिल्ला अदालत र पुनरावेदन अदालत, हेटौंडाबाट समेतका तहतहबाट निर्णय भएको देखिन्छ । प्रतिवादी रामनारायण यादवको नाउँमा अन्य सम्पत्ति रहेको अवस्थामा निवेदक रामनारायण साह कानूले लेनदेन मुद्दाबाट पाउने ठहरेको ऋणको सावाँ ब्याज रकमसमेत विपक्षी बिन्दवा अहिरनीको निजी देखिएको सम्पत्तिबाटै पाउनुपर्ने भन्न मिल्दैन । निवेदकले लेनदेन मुद्दाबाट पाउने ठहरेको ऋणको साँवा ब्याज रकम असूल उपर गर्नै नमिल्ने भनी आदेश नभएको अवस्थामा निवेदकले विपक्षी बिन्दवा अहिरनीको निजी ठहर गरिएको सम्पत्तिबाहेक अन्य सम्पत्ति देखाई फैसला कार्यान्वयन गर्न सम्बन्धित जिल्ला अदालतमा गएको अवस्थामा सो फैसलाको कार्यान्वयनतर्फ कानूनबमोजिम फैसला कार्यान्वयन हुने नै छ । लोग्नेले खाएको ऋणको असूलीको लागि पहिलो दायित्व श्रीमतीले माइतीतर्फबाट पाएको अपुतालीको सम्पत्तिमा हुन नसक्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटर टाइपः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल भदौ १८ गते रोज ३ शुभम् ।

## पुनरालोकन

१

मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री

**तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०६८–RV–००२२, उत्प्रेषण, *दामोदर रोपवेज एण्ड कन्सट्रक्सन कम्पनी वि. नेपाल ओरिण्ड म्याग्नेसाइट कम्पनी प्रा.लि.समेत*

निवेदक र विपक्षीबीच भएको Turn key Project सम्झौता भनिएको कार्य ३१ मे १९८९ मा नै सम्पन्न भैसकेको र पछि मर्मतको कार्य भएको भन्ने कुरा १५ अप्रिल १९९१ को संयुक्त बैठकबाट समेत पुष्टि भएको अवस्थामा विपक्षी नेपाल ओरिण्ड म्याग्नेसाइट कम्पनी प्रा.लि.ले मध्यस्थसमक्ष गरेको दावी तत्कालीन करार ऐन, २०२३ को दफा १८(२) को खण्ड (ग) अनुसारको हदम्यादभित्र परेको देखिँदैन । मध्यस्थबाट मिति २०५४।५।१८ मा भएको निर्णय र सो सम्बन्धमा पुनरावेदन परी पुनरावेदन अदालत, पाटनसमेतबाट भएको मिति २०५९।१।९ मा भएको फैसला र यस अदालतसमक्ष सो फैसलाउपर परेका रिट निवेदनहरूमा करार ऐन, २०२३ को दफा १८(२) को खण्ड (ग) मा व्यवस्था भएबमोजिमको हदम्याद सम्बन्धमा विचार नगरी गम्भीर त्रुटि भएको देखिन्छ । प्रस्तुत विवादको सम्बन्धमा मध्यस्थतासम्बन्धी कामकारवाही, पुनरावेदन अदालत, पाटनबाट भएको फैसला एवं यस अदालतमा परेका रिट निवेदनका सम्बन्धमा समेत यस अदालतबाट पुनरावेदक/प्रतिवादी हरेकृष्ण राईस मिलको प्रोप्राईटर हरेकृष्ण कलवार विरूद्ध प्रत्यर्थी/वादी नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, काठमाडौं भएको बिगो असूल मुद्दा (नेकाप २०४५, अङ्क ३, निर्णय नं. ३४१०, पृष्ठ ३००) एवं पुनरावेदक/वादी एपेक्स बिल्डर्स इञ्जिनियर्स प्रा.लि.को तर्फबाट ऐ. सञ्चालक समितिका सदस्य जनकबहादुर कार्की विरूद्ध प्रत्यर्थी/प्रतिवादी नेपाल खाद्य संस्थान, प्रधान कार्यालयसमेत भएको बिगो असूल मुद्दा (नेकाप २०४७, अङ्क ७, निर्णय नं. ४१८५, पृष्ठ ५५३) मा स्थापित सिद्धान्तसमेतको विपरीत देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दामा पुनरालोकनको अनुमति प्रदान हुने ।

इति संवत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८–RV–००२१, उत्प्रेषण, *दामोदर रोपवेज एण्ड कन्सट्रक्सन कम्पनी वि. नेपाल ओरिण्ड म्याग्नेसाइट कम्पनी प्रा. लि.समेत*
- ०६८–RV–००२३, उत्प्रेषण, *दामोदर रोपवेज एण्ड कन्सट्रक्सन कम्पनी वि. नेपाल ओरिण्ड म्याग्नेसाइट कम्पनी प्रा. लि.समेत*

## रीत/बेरीत आदेश

**मा.न्या.श्री गिरीश चन्द्र लाल**, २०७०–AP–०१९८, उत्प्रेषण, *शुभा राई वि. सर्वोच्च अदालतसमेत*

पुनरालोकनको आदेशउपर यस अदालतबाट रिटको असाधारण अधिकारक्षेत्र ग्रहण गरी हेर्न मिल्ने नमिल्ने सम्बन्धमा न्यायिक एवं कानूनी प्रश्नहरू सम्बन्धमा विचार गर्नु उपयुक्त हुने हुनाले यस अदालतका रजिष्ट्रारबाट रिट निवेदन दर्ता गर्न नमिल्ने भनी भएको मिति २०७०।९।४ को दरपीठ आदेश मिलेको नदेखिँदा बदर हुने ।

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०७०–AP–०२०३, उत्प्रेषण, *शुभा राई वि. सर्वोच्च अदालतसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री तर्कराज भट्ट**, २०७०–WO–०६१५, उत्प्रेषण, *श्यामबहादुर गौतम वि. पुनरावेदन अदालत, वीरेन्द्रनगरसमेत*

पहिले नै अंश लिई छुट्टिभिन्न भैसकेका व्यक्तिहरूलाई पनि फैसला कार्यान्वयन सिलसिलामा बुझ्ने आदेश गरेको भन्ने निवेदन जिकीर देखिनाले सुविधा सन्तुलनको दृष्टिबाट

यो निवेदनको टुङ्गो नलागेसम्म सुर्खेत जिल्ला अदालतको मिति २०७०।७।८ को र पुनरावेदन अदालत, सुर्खेतको मिति २०७०।९।४ को आदेश हाल यथास्थितिमा राखु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट**, २०७०-WO-०६२१, उत्प्रेषण, *राजकृष्ण श्रेष्ठसमेत वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाटसमेत*

विपक्षीमध्येका आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ बाट मिति २०७०।१०।२९ मा जारी भएको संशोधित कर निर्धारणको सूचना आ.व. २०६४/०६५ को आर्थिक वर्षको भएको र आयकर ऐन, २०५८ को दफा १०१(३) मा विभागले उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गर्दा चार वर्षभित्र गरिसक्नु पर्ने गरी कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम आ.व. २०६४/०६५ को आय विवरण सम्बन्धमा मिति २०७०।१०।२९ मा मात्र विपक्षी आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र २ बाट प्रकाशित संशोधित कर निर्धारणको सूचना आयकर ऐन, २०५८ को दफा १०१(३) ले तोकेको ४ वर्षको अवधिभित्र प्रकाशित भएको नदेखिएकोले यसमा हदम्यादसम्बन्धी प्रश्न विचारणीय हुनुको साथै संवत् २०५७ सालको रिट नं. ३०९९ निवेदिका पुष्पादेवी बराल विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत भएको सर्वोच्च अदालतबाट प्रतिपादित वाणिज्य कानूनसम्बन्धी केही महत्त्वपूर्ण नजीरहरू भाग ४ पृष्ठ १७८ मुद्दामा प्रतिपादित सिद्धान्त र सुविधा सन्तुलनको दृष्टिबाट विपक्षी आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ को संशोधित कर निर्धारणसम्बन्धी मिति २०७०।१०।२९ को सूचना र मिति २०७०।११।८ मा तामेल भएको सूचना हाल यथास्थितिमा राखु उपयुक्त देखिनाले प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म विपक्षी आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ मिति २०७०।१०।२९ मा जारी भै मिति २०७०।११।८ मा तामेल भएको सूचना तत्काल कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राखु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

३

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, २०७०-WO-०५३७, उत्प्रेषण, *प्रदीप के.सी. वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदकले प्राप्त गरेको Master of Medicine TCM Internal Medicine डिग्री त्रिभुवन विश्वविद्यालयको आयुर्वेदिक चिकित्सा पद्धतिको स्नातकोत्तर सरह हुने भन्ने चिकित्साशास्त्र अध्ययन संस्थानको मिति २०७०।९।१७ को पत्रबाट देखिएको र अन्तरिम आदेश जारी नभएमा विपक्षी लोकसेवा आयोगको मिति २०७०।१०।९ को निर्णय कार्यान्वयन भई निवेदक मिति २०७०।११।४ र ५ मा हुने परीक्षाबाट बञ्चित हुने र प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त हुने भएकोले सुविधा सन्तुलनको दृष्टिले प्रस्तुत मुद्दाको अन्तिम निर्णय हुँदा ठहरेबमोजिम हुने गरी हाल निवेदकलाई प्रवेशपत्र दिई परीक्षामा सामेल गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल माघ २४ गते रोज ६ शुभम् ।